World Vision



# वार्षिक प्रतिवेदन २०१९

वर्ल्ड भिजन इन्टरनेशनल नेपाल



# हाम्रो परिचय

वर्ल्ड भिजन बालबालिका, तिनका परिवार र समुदायसँग कार्य गरी उनीहरूलाई गरिबी र अन्यायबाट मुक्त हुन सघाउन प्रतिबद्ध एक इसाई, राहत, विकास र पैरवी गर्ने संस्था हो। वर्ल्ड भिजनले धर्म, जातजाति, सम्प्रदाय वा लिङ्गको आधारमा भेदभाव नगरी सबैको सेवा गर्दछ।

# हाम्रो कार्यक्रम

**शिक्षा**
गुणस्तरीय, सुरक्षित र समावेशी आधारभूत शिक्षामा समान पहुँच

**स्वास्थ्य**
बाल स्वास्थ्यमा सुधार

**उत्थानशीलता**
विपद् र आर्थिक संकटको सामना गर्न समुदायको उत्थानशीलता वृद्दि

**संरक्षण**
जोखिममा रहेका समूहहरूको संरक्षण

# नेपालमा वर्ल्ड भिजन

**सन् १९८२**
स्थानीय समुहलाई अस्पताल निर्माण गरि स्वास्थ्य सेवा प्रदान गर्न आर्थिक सहयोग

**सन् १९८८**
उदयपुरमा भूकम्प प्रभावितलाई सहयोग

**सन् १९९३**
बाढी प्रभावितलाई सहयोग

**सन् २००१**
औपचारिक रूपमा दिगो विकास कार्यक्रम शुरूवात

**सन् २०१५**
अप्रिल २०१५मा आएको भूकम्पको प्रतिकार्य शुरूवात

**सन् २०१८**
भूकम्पको प्रतिकार्य समाप्त

**१८** वर्षदेखि कार्यरत

**१३** जिल्ला

**६** प्रदेश

**१७०+** कर्मचारी

# इनोभेसन

NEPAL INNOVATION LAB

नेपाल इनोभेसन ल्याब वर्ल्ड भिजनको एउटा अंग हो। यसले मानवीय तथा विकाससँग सम्बन्धित कार्यक्रममा आइपर्ने समस्याको समाधानका उपायहरू परीक्षण गर्ने, नमुना प्रस्तुत गर्ने तथा तिनको सफलताको तह मापन गर्ने कार्यमा सहयोग गर्दछ।

# अभियान

नेपाली जुटौं
बाल विवाह रोकौं

सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीको उपस्थितिमा वर्ल्ड भिजनले सामुदायिक रेडियो प्रसारक संघ नेपालसँगको साझेदारीमा १० अगस्ट, सन् २०१७ मा "नेपाली जुटौं, बाल विवाह रोकौं" नामक पाँच वर्षे अभियानको शुभारम्भ गरेको थियो।

# दर्शन

हाम्रो दर्शन प्रत्येक बालबालिकाको जीवनको सम्पूर्णता;
हाम्रो प्रार्थना प्रत्येक हृदयमा त्यस्तै गर्ने चाहना

**संसारभरि गरिबीको मुख्य कारणहरूलाई सम्बोधन गरेर हामी जोखिममा रहेका २० करोड बालबालिकासमक्ष पुग्न सफल भएका छौं।**

# राष्ट्रिय निर्देशकको सन्देश



प्रिय साझेदार साथीहरु,

नमस्कार !

वर्ल्ड भिजन इन्टरनेशनल नेपाल (वर्ल्ड भिजन) को आर्थिक वर्ष २०१९ को वार्षिक प्रतिवेदन यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ । यस प्रतिवेदनले वर्ल्ड भिजन र यसका साझेदार संस्थाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्दै स्वास्थ्य, शिक्षा, संरक्षण, कृषि तथा आर्थिक विकास, युवा विकास, विपद् जोखिम र आपत्कालीन प्रतिकार्य कार्यक्रममा हासिल गरेका नतिजामाथि प्रकाश पारेको छ । यी नतिजा ३० स्थानीय गैरसरकारी संस्था, संघीय, प्रादेशिक र स्थानीय सरकार, नागरिक समाज, निजी क्षेत्र, दातृ निकाय, प्राज्ञिक क्षेत्र र अन्तरधार्मिक सञ्जालसँगको साझेदारीका उपज हुन् । यस साझेदारीले सात प्रदेशका १२ वटा जिल्लाको कूल ५,६२,६९४ व्यक्तिसम्म प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा पुग्न हामीलाई सहयोग गरेको छ । यी लाभान्वितहरु मध्ये ३८ % बालबालिका रहेका छन् ।

आ.व. २०१९ को प्रतिवेदनमा निम्न कुरामाथि प्रकाश पारिएको छ । बालबालिका र आमाको पोषण स्थितिमा सुधार गर्न ४३ वटा स्वास्थ्य सेवा प्रदायकसँग साझेदारी गरिएकोमा आधार तथ्याङ्क र हालैको उपलब्धि अनुगमन प्रतिवेदनको तुलना गर्दा हाम्रो मातृ तथा बाल स्वास्थ्य पोषण कार्यक्रममा सहभागी कम तौलका बालबालिकामा ७.६% ले कमी आएको छ । गुणस्तरीय शिक्षा र सुरक्षित पूर्वाधार निर्माणमा सहयोग गर्ने उद्देश्यले सञ्चालित हाम्रो शिक्षा कार्यक्रमका कारण झण्डै ८९% तालिमप्राप्त शिक्षकले आफूले तालिममा सिकेका कुरा कक्षाकोठामा प्रयोग गरी शिक्षण सिकाइ विधि थप प्रभावकारी बनाएका छन् जसले गर्दा सिकाइ उपलब्धिमा सुधार भएको छ । बालसंरक्षण प्रणालीको सबलीकरणका लागि हामीले ४३ वटा बाल संरक्षण समितिसँग काम गर्‍यौं । हाम्रो संयुक्त प्रयासका कारण कुनै पनि किसिमको शारीरिक हिंसा भोगेको महसुस गर्ने किशोरकिशोरीको संख्यामा २७.३% ले कमी आएको छ ।

सोह्र वर्षदेखि छब्बिस वर्षसम्मको उमेर समूहका युवालाई लक्षित गरी आर्थिक अवसरका लागि सक्षम तथा तयार पार्ने उद्देश्यले लागू गरिएको युवा विकास कार्यक्रममा सहभागी कूल ४,२४४ युवामध्ये शैक्षिक रोजगारी तथा तालिम नपाएका युवाको संख्या २९.९% बाट घटेर ८.८% मा झरेको छ । कृषि तथा आर्थिक विकास कार्यक्रमका सम्बन्धमा हामीले ६९७ वटा उत्पादक समूहका कूल १४,००० सदस्य (जसमध्ये ८५% महिला) सँग काम गरेका छौं । तीमध्ये ६२% ले उत्पादनमा बृद्धि गरेको र सोबाट आयमा ५५% बृद्धि भएको (प्रतिवर्ष औसत रू. ७,०००) हाम्रो कार्यक्रम अनुगमन सूचकले देखाएको छ । यसरी हुन आएको अतिरिक्त आयको ७०% भन्दा बढी आय आफ्ना बालबालिकाको शिक्षा र स्वास्थ्यमा खर्च गरेको देखिनु निकै उत्साहजनक विषय हो । महिलाको आर्थिक सशक्तिकरणले पार्ने गुणात्मक प्रभावको यो एउटा प्रमाण हो ।

नेपालले बाल सम्बृद्धिका कतिपय क्षेत्रमा प्रगति हासिल गरेको छ । शिशु मृत्यु दर, बाल मृत्यु दर र मातृ मृत्यु दरमा निरन्तर कमी आएको छ र प्राथमिक शिक्षामा बालबालिकाको पहुँचमा उल्लेख्य बृद्धि भएको छ । तर, आफ्नो क्षमताको पूर्ण प्रस्फुटन गर्ने सम्बन्धमा नेपालमा हाम्रा बालबालिकाले अझै पनि धेरै व्यवधानको सामना गरिरहेका छन् । वर्ल्ड भिजन बाल-केन्द्रित संस्था भएकोले यो संस्था नेपालमा बाल सम्बृद्धिका लागि गरिने कुनै पनि पहललाई सहयोग गर्न इच्छुक छ । साथै, नेपाल सरकारका सामाजिक तथा आर्थिक विकासका प्राथमिकता र दिगो विकास लक्ष्यसँग मिल्ने गरी विकासका आवश्यकताहरु सम्बोधन गर्न पनि हामी सदैव प्रतिबद्ध छौं ।

अन्त्यमा, हाम्रा कर्मचारी, साझेदार गैरसरकारी संस्था र सरकारको प्रतिबद्धता, सहकार्य र विश्वासका लागि म उहाँहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । नेपालमा वर्ल्ड भिजनका कार्यक्रमका लागि आर्थिक स्रोत उपलब्ध गराउनुहुने हाम्रा सम्पूर्ण दाता र स्पोन्सरहरूप्रति पनि हामी आभार व्यक्त गर्न चाहन्छौं । नेपालमा बालबालिकाको दिगो सम्बद्धिका लागि हाम्रो टोलीले यहाँहरु सबैसँग मिहेनतपूर्वक निरन्तर काम गर्न पाउने छ भन्ने अपेक्षा पनि गर्दछौं । असल र सुरक्षित भविष्यका लागि हाम्रा उत्कृष्ट प्रयास ती बालबालिकाप्रतिप्रति लक्षित गर्नुपर्छ ।

धन्यवाद !

**जेनिस इम्यानुएल गिन्टिङ्ग**

# विषयसूची


**शिक्षा** ४

सिकाइमा नयाँ रुचि ७

**स्वास्थ्य** ९

आमा र बच्चाको असल स्वास्थ्यका लागि विष्णु माया १२

**संरक्षण** १४

लखन्तरी-१ अहिले बालमैत्री भएको छ ! १७

**उत्थानशीलता** १९

जुम्लाका उत्थानशील समुदाय २२

सामुदायिक विकासका लागि युवा सशक्तीकरण २७

विपद् जोखिम व्यवस्थापन २९

**कार्यक्रम जवाफदेहिता** ३०

**परियोजना** ३१

नेपालमा समावेशी शिक्षाको सबलीकरण (SIKAI) ३१

ज्ञान सुधारको लागि किताबमा पहुँच (KITAB) ३२

समुदाय तथा विद्यालय विपद् पूर्वतयारी तथा उत्थानशीलता (CSDPR) ३२

**पैरवी तथा सहकार्य** ३३

नीति निर्माण तथा प्रतिवेदन तयारीमा सहयोग ३३

सामाजिक जवाफदेहिता ३३

दिगो विकासका लक्ष्यहरू ३४

बालमैत्री स्थानीय शासन ३४

बालबिवाह विरुद्ध अभियान २०१९ ३५

**नेपाल इन्नोभेशन ल्याब** ३७

**स्पोन्सरसीप** ३८

प्रभावको सुन्दर कथा ३९

**सिकाई र सुझावहरू** ४१

**समग्र सिकाइ** ४२

**आर्थिक प्रतिवेदन** ४३

**हाम्रा कार्य क्षेत्रहरू** ४४

**हाम्रा साझेदार संस्थाहरू** ४६

# शिक्षा

## गुणस्तरीय, सुरक्षित र समावेशी आधारभूत शिक्षा पहुँचयोग्य छ

वर्ल्ड भिजन इन्टरनेशनल नेपाल सार्वजनिक शिक्षा प्रणालीका लागि नेपाल सरकारले तोकेको मापदण्ड अनुसार बालबालिकाका लागि गुणस्तरीय सिकाइ वातावरणको सिर्जना गर्न, सिकाइ उपलब्धि बढाउन, विद्यालय सुरक्षा प्रणाली तथा उच्चतम् सरसफाईको प्रवन्धलाई बढावा दिन र विद्यालयमा बालमैत्री पढाइ तथा सिकाइलाई प्रवर्धन गर्ने कार्यमा प्रयासरत छ ।

आर्थिक वर्ष २०१८/१९ मा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले अनलक लिटरेसी/प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (Unlock Literacy/Early Grade Reading Programme), बृहत् विद्यालय सुरक्षा प्रारूप (Comprehensive School Safety Framework) र नागरिक आवाज र कर्तव्य/सामाजिक उत्तरदायित्व (Citizen Voice and Action / Social Accountability) जस्ता कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको थियो । यी परियोजनाले पढाइ र सिकाइ उपलब्धिमा गुणात्मक सुधार ल्याएका छन् । गुणस्तरीय शिक्षाको पहुँचमा सुधार ल्याउन र सम्पूर्ण शैक्षिक संरचनाको जवाफदेही संयन्त्रको सवलीकरण गर्नमा यिनको मुख्य भूमिका रहेको छ ।




जुम्लाको हिमचुली पढाइ शिविरका विद्यार्थीहरूलाई पढ्ने सीप सिकाउँदै दिलमाया ।



# १५९,९५४

बालबालिका शिक्षा कार्यक्रमबाट लाभान्वित

| | |
|---|---|
| १७३ | कार्यक्रमले समावेश गरेका विद्यालयको संख्या |
| १४ | संरचना निर्माण सहायता पाएका विद्यालयको संख्या |
| ३३ | WASH सुविधा पाएका विद्यालयको संख्या |
| ९,११० | चेतनामूलक कार्यक्रम तथा शिक्षामा सूचनाको पहुँच पाएका समुदायका सदस्यको संख्या |
| २८,८५९ | स्थानीय तह अनुकूल पठाइ सामग्रीहरू विकास तथ वितरण भएको संख्या |
| ६,७४० | Unlock Literacy सहायतामा तालिमप्राप्त अभिभावक र हेरचाहकर्ताको संख्या |
| ४,७७१ | विद्यालय बाहिरका साक्षरता कार्यक्रममा हाल सहभागी भइरहेका बालबालिकाको संख्या |
| ९१२ | विपद् जोखिम व्यवस्थापनमा तालिमप्राप्त विद्यालय व्यवस्थापन समितिका सदस्यको संख्या |
| ४०० | सिकाइ उपलब्धि बढाउने क्रियाकलापमा सहायता गर्न तालिमप्राप्त सामुदायिक साक्षरता स्वयम्सेवकको संख्या |
| १४७ | Unlock Literacy शिक्षक तालिम लिएका शिक्षकको संख्या |


## कार्यक्रम लागू भएका जिल्लाहरू

*कैलाली, डोटी, अछाम, जुम्ला, लमजुङ, सिन्धुली, उदयपुर र सर्लाही*

## मुख्य सरोकारवाला निकायहरू

*शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; शिक्षा तथा मानव स्रोत विकास केन्द्र; शिक्षा विकास तथा समन्वय इकाई; विद्यालय व्यवस्थापन समिति; शिक्षक अभिभावक संघ; नगर/गाउँ पालिका तथा वडा कार्यालय; बाल क्लब र साझेदार गैर सरकारी संस्था ।*

## आ.व. २०१९ का उपलब्धि




आ.व. २०१९ मा तालिमप्राप्त शिक्षकमध्ये ८९% ले तालिममा सिकेका पढाइ तथा सिकाइ सीपलाई कक्षाकोठामा प्रयोग गरेका छन् । त्यसैगरी, विद्यालयको कक्षाकोठामा मुद्रण सामग्रीको पहुँचको दर १८% बाट बढेर २६% पुगेको छ । गुणस्तरीय, सुरक्षित तथा समावेशी शिक्षालाई बालबालिकाको पहुँचमा पुऱ्याउन २०१९ मा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले लागू गरेका शिक्षा कार्यक्रमहरूले महत्वपूर्ण भूमिका खेलेका छन् भने बालबालिकाको सिकाइ उपलब्धिमा सकारात्मक परिवर्तन देखिएको छ । पुनर्लाभ शिक्षा परियोजना (Recovery Education Project) को कार्यक्षेत्र सिन्धुलीमा बुझेर पढ्ने विद्यार्थीको संख्या झन्डै तीन गुणाले बढेर विगत ३ वर्षमा १९% बाट ५१% पुगेको छ ।

### नेपाल सरकारको प्राथमिकता अनुरुप कार्यक्रम संचालन

वर्ल्ड भिजन इन्टरनेशनल नेपालले सञ्चालन गर्ने शिक्षा क्षेत्रका कार्यक्रमहरु नेपाल सरकार शिक्षा मन्त्रालयको विद्यालय क्षेत्र विकास योजना (२०१६/१७–२०२२/२३) का नीति तथा रणनीतिसँग सम्बन्धित छन् । यस योजनाले शिक्षाको गुणस्तरमा प्राथमिकता दिएको छ । यसले विद्यालय शिक्षामा समता, गुणस्तर, कार्यकुशलता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलताजस्ता पक्षहरूमा विशेष जोड दिन्छ । वर्ल्ड भिजनले प्रारम्भिक कक्षा पढाइ कार्यक्रम र सुरक्षित सिकाइ वातावरणका माध्यमबाट शिक्षाको गुणस्तर अभिवृद्धिका लागि पहल गर्छ ।

# सिकाइमा नयाँ रुचि

पाँच वर्षमुनिका अधिकांश बालबालिकाले वर्णमालाका सबै अक्षर चिन्ने भएतापनि किताब र घरमा मार्गनिर्देशनको अभावमा नेपालमा प्राथमिक विद्यालय उमेरका धेरै बालबालिका पछि परेका छन् । परिणामस्वरूप, शिक्षा मन्त्रालयको सन् २०१४ को तथ्याङ्कअनुसार २५ प्रतिशतसम्म बालबालिकाले प्राथमिक विद्यालय पूरा गर्दैनन् र २० प्रतिशत बालबालिकाले कक्षा एकमा दोहोऱ्याउँछन् ।

यो समस्यालाई सम्बोधन गर्न वर्ल्ड भिजनले नेपाल सरकारको राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमलाई सहयोग गर्ने गरी 'अनलक लिटरेसी' नामक एउटा विस्तृत कार्यक्रम नेपालमा कार्यान्वयन गरिरहेको छ । यो कार्यक्रमको एउटा महत्वपूर्ण पक्ष पढाइ शिविर हो । पढाइ शिविर विद्यालयबाहिर रहेका बालबालिकाको सिकाइमा सुधार गर्ने समुदाय-समावेशी कार्यक्रम हो ।

यस कार्यक्रमलाई जुम्लाकी आठ वर्षीया अनुष्काका आँखाबाट हेरौँ ।

जुम्लाको हिमचुली पढाइ शिविरमा आफ्ना साथीहरूसँग अनुष्का (बायाँ) । अनुष्का हरेक शनिवार पढाइ शिविर आउँछिन् र अन्य १९ जना साथीहरूसँग बसेर सिक्छिन् । सहजकर्ता दिलमाया महतले उनिहरूलाई पढाइ र लेखाइ सीपलक्षित सात वटा विभिन्न क्रियाकलापसहितको ९० मिनेटको कक्षा लिन्छिन् । अनुष्काले कथा सुनिसकेपछि सहजकर्ताले उनलाई सोधेका प्रश्नको उत्तर दिन्छिन् । यस क्रियाकलापले बालबालिकामा ध्यान दिन र सुनेर जानकारी टिप्न सहयोग गर्छ । यस किसिमको अभ्यास विद्यालयमा नहुन सक्छ ।

दिलमाया (बीचमा बसेकी) ले शब्दपत्तीका सहायताले बालबालिकालाई अक्षर चिन्न र पढाइ सीप विकास गर्न सिकाउँछिन् । त्यही समुदायकी हुनाले दिलमाया स्वयम्सेवीका रूपमा छनोट भएकी हुन् र उनले सहजीकरण गर्ने र स्थानीय रूपमा उपलब्ध सामग्रीबाट शिक्षण सामग्री निर्माण गर्ने तालिम पनि लिएकी छिन् । त्यस बेलादेखि उनले हिमचुली पढाइ शिविरमा सहजकर्ताको काम गर्दै आएकी छिन् र यसवापत् उनले प्रत्येक कक्षाको असाध्यै न्यूनतम लिन्छिन् ।

पढाइ शिविरको 'मेक एण्ड टेक' क्रियाकलापमा बालबालिकाले चित्र कोर्छन् । नामबाटै प्रष्ट हुन्छ शनिवारका कक्षामा चित्र कोर्छन् वा लेख्छन् र घर लगेर घरमा बनाएको पढाइ कुनामा टाँस्छन् ।

घरमा ६५ वर्षीय हजुरआमा गोरीलाई पढेर सुनाउँदै अनुष्का । बाबुआमा र हजुरआमासँग मिलेर बनाएको पढाइ कुनामा बसेर उनले यो काम गर्छिन् । एक वर्ष पहिलासम्म अनुष्का विद्याालय जान्थिन् तर केही पनि सिक्न सकिनन् । उनले अक्षर चिन्न पनि सकिनन् र पढ्न पनि गाह्रो गरी पढ्थिन् । तर, पढाइ शिविरमा निरन्तर प्रयास गरेकाले र परिवारबाट पनि सिक्न सघाएकाले अहिले उनले पहिलाभन्दा राम्रो पढ्न र लेख्न सक्ने भएकी छिन् । यसले गर्दा विद्यालयमा पनि उनको सिकाइ राम्रो हुँदै गएको छ ।



घरमा ६५ वर्षीय हजुरआमा गोरीलाई पढेर सुनाउँदै अनुष्का ।

"पढाइ शिविरमा जान थालेपछि मैले धेरै सुधार गरेको मेरा अंग्रेजी शिक्षकले भन्नुहुन्छ," उनले भनिन् । यस कुरामा सहमत हुँदै उनकी हजुरआमाले भनिन्, "अनुष्कालाई पढ्नमा पहिला–पहिला कत्ति पनि रूचि थिएन । ऊ जतिबेला पनि साथीहरूसँग खेलेर समय खेर फाल्थी ।  अहिले ऊ बिहान बेलुकै पढ्छे । यो सबै पढाइ शिविरले गर्दा भएको हो ।"






# स्वास्थ्य

## बाल स्वास्थ्यमा सुधार

वर्ल्ड भिजन इन्टरनेशनल नेपालले बाल स्वास्थ्य, सुरक्षित मातृत्व, बाल पोषण र मातृ-शिशु स्वास्थ्यको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनुको साथै समुदायको नेतृत्वमा गरिने पूर्ण सरसफाई, स्वास्थ्य संस्थाहरूको क्षमता अभिवृद्धि तथा सुशासनजस्ता सरकारले चालेका अभियानहरूमा पनि सहयोग गऱ्यो ।

आ.व. २०१९ मा वर्ल्ड भिजन इन्टरनेशनल नेपालको स्वास्थ्य कार्यक्रमले मातृ तथा शिशु पोषण र सुरक्षित मातृत्वको प्रवर्द्धन, शिशु अवस्थामा हुने बिमारीको व्यवस्थापन, पूर्ण खोपका लागि सहायता र स्वास्थ्य संस्था तथा प्रसुति केन्द्रहरूमा स्वास्थ्य सामग्रीहरु प्रदान गर्नका लागि प्राविधिक तथा आर्थिक सहायता गर्ने कार्यमा जोड दिएको थियो । संस्थाले प्राथमिक स्वास्थ्य सेवा गाउँघर क्लिनिकको निर्माण तथा जिल्ला जनस्वास्थ्य कार्यालयलगायत हालका स्वास्थ्य सेवाहरूमा खानेपानी आयोजनाका लागि पनि आर्थिक सहयोग गरेको थियो ।

यी कार्यक्रमहरूको उपलब्धि हासिल गर्न चार उपायहरु अवलम्बन गरिइएको थियो : स्वास्थ्य आमा समूह तथा सहयोगी समूहहरूको प्रभावकारी तथा नियमित संचालन, बृद्धि अनुगमन प्रवर्द्धन, सकारात्मक भुकाव सामूहिक चुल्हो Positive Deviance Hearth र सामुदायिक स्वास्थ्य प्रवर्द्धन नमुना । यसको अलावा, सामुदायिक स्वास्थ्य प्रवर्द्धन नमुनालाई स्थानीय स्तरमा पैरवी गर्ने साधनको रूपमा सात वटा क्षेत्र विकास कार्यक्रम अन्तर्गतका ४४ वटा स्वास्थ्य संस्थामा सुरू गरिएको छ । यसो गर्नाले ती स्वास्थ्य संस्थामा कर्मचारीको उपलब्धता तथा औषधिको आपूर्तिमा उल्लेख्य बृद्धि भएको छ ।

मिलिझुली स्वास्थ आमा समुह सिन्धुलीमा सक्षमको वृद्धि अनुगमन गरिदै ।

# ४२,६५८

बालबालिका स्वास्थ्य कार्यक्रमबाट लाभान्वित

| | |
|---|---|
| १० | मातृशिशु स्वास्थ्य तथा पोषणका लागि आवश्यक सामग्रीको सहायता पाएका स्थानीय स्वास्थ्य संस्था तथा प्रसुति केन्द्रको संख्या |
| ९ | तालिमप्राप्त दक्ष प्रसुति सेविकासहितको प्रसुति केन्द्रको संख्या |
| ११,१५६ | गर्भवती महिला तथा पोषणसम्बन्धी परामर्श पाएका ०-२३ महिनाका बच्चाका आमा र हेरचाहकर्ताको संख्या |
| १०,८७६ | आमा सहयोग समूहको बैठकमा सहभागी हुने आमा र हेरचाहकर्ताको संख्या |
| ७९८ | पोषण वा पोषण संवेदनशील विषयमा तालिमप्राप्त किशोरकिशोरी र युवाको संख्या |
| ९,५९६ | बृद्धि अनुगमन गरिएका बालबालिकाको संख्या |
| ११,१३१ | आमा सहयोग समूहको बैठकमा सहभागी हुने आमा र हेरचाहकर्ताको संख्या |
| ८९५ | सकारात्मक झुकाव सामूहिक चुल्होमा भर्ना भएका बालबालिकाको संख्या |
| ५३५ | गम्भीर रूपमा कुपोषित भई पुनर्स्थापित बालबालिकाको संख्या |


### कार्यक्रम लागू भएका जिल्लाहरू

*अछाम, डोटी, कैलाली, सिन्धुली र उदयपुर*

### मुख्य सरोकारवाला निकायहरू


*स्वास्थ्य मन्त्रालय; स्वास्थ्य सेवा विभाग; जिल्ला जनस्वास्थ्य कार्यालय; PHCORC; स्वास्थ्य सुविधा संचालन तथा व्यवस्थापन समिति; नगर/गाउँ पालिका; वडा कार्यालय; आमा समूह र साझेदार गैर सरकारी संस्था साझेदारहरू ।*

# उपलब्धिहरु




आ. व. २०१९ मा वर्ल्ड भिजन इन्टरनेशनल नेपालको स्वास्थ्य कार्यक्रमले कार्य क्षेत्रभित्रका कम तौल भएका दुई वर्षमुनिका बालबालिकाको अनुपात २७% बाट १९% मा झार्न सफल भएको छ । बालबालिकाको खानामा विविधतासहितको न्यूनतम पोषण व्यवस्थाले उनीहरुको पोषण अवस्थामा सुधार आई ४३.४०% बाट बढेर ५६% पुगेको छ । त्यसैगरी बिरामी अवस्थामा बच्चालाई उचित खाना खुवाउने ४७.१% बाट बढेर ६७.७% पुगेको छ । त्यसैगरी, सोही वर्षमा तालिमप्राप्त सुढेनीबाट गराइने सुरक्षित सुत्केरीको दर ६६.९०% बाट बढेर ७८.२० % पुगेको छ ।

आ. व. २०१९ मा ६ महिना उमेरका शिशुहरुको विशेष स्तनपानको दर ५४.७०% बाट बढेर ६२.५०% पुगेको छ । यसको अलावा, पाँच वर्ष उमेरमुनिका निमोनिया भएका बच्चालाई उचित स्वास्थ्य प्रदायक निकायमा लैजाने दरमा २०% ले बढेर ६१.९०% बाट ७९.४०% पुगेको छ । त्यसैगरी, हात धुने ठाउँको सुविधा भएका घरपरिवारको अनुपात विगतको वर्षमा जस्तै ८१% कायम रहेको छ । यस बाहेक बिरामी अवस्थामा बालबालिकालाई उचित तवरले खानपान गराउने अवस्थाको अनुपात ४७% बाट बढेर ६७.७०% पुगेको छ ।




## नेपाल सरकारको प्राथमिकता अनुरुप कार्यक्रम संचालन

वर्ल्ड भिजन इन्टरनेशनल नेपालले संचालन गर्ने मातृशिशु स्वास्थ्य तथा पोषण कार्यक्रम नेपाल स्वास्थ्य क्षेत्र रणनीति-२ र राष्ट्रिय स्वास्थ्य नीति २०१९ सँग सम्बन्धित छ । वर्ल्ड भिजनले सेवाप्रदायकको क्षमता अभिबृद्धि तथा प्रणाली सबलीकरणका माध्यमबाट मातृशिशु स्वास्थ्य सुधार गर्ने काम गरिरहेको छ ।



# आमा र बच्चाको असल स्वास्थ्यका लागि विष्णु माया

गर्भवती र सुत्केरी आमाहरु स्वास्थ्य आमा समूहको महिनावारी बैठकमा आउन सुरू गर्दा विष्णु माया भने बैठकमा निर्देशन र छलफलका लागि आवश्यक सामग्री तयार पारिरहेकी हुन्छिन् । आमाहरु बैठकमा आ-आफ्नो स्थानमा बस्दै गर्दा तिनका दुधे शिशु र टुकुटुकु हिँड्नसक्ने बच्चाहरु हल्लाखल्ला गरिरहेको र आमाहरु एकअर्कासँग कुरा गरिरहेको देख्न सकिन्छ । विष्णु मायाले प्रदर्शनमा राखिएका फलफूल, हरिया सागपात, आलु, अण्डा र अन्न मिलाइरहेकी हुन्छिन् । उनी अब बैठकलाई सम्बोधन गर्न थाल्छिन् । सबैले उनका कुरा ध्यानपूर्वक सुन्न थाल्छन् ।

सन् १९८८ मा नेपाल सरकारले राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका कार्यक्रम लागू गरेपछि विष्णु मायाले पनि आजभन्दा २४ वर्ष पहिला महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाका रूपमा काम गर्न सुरू गरेकी हुन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार हाल देशभर ४८,५४९१ महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाले प्राथमिक स्वास्थ्य सेवा क्रियाकलापमा सहयोग गरिरहेका छन् । स्वस्थ राष्ट्र निर्माणका लागि सरकारी स्वास्थ्य सेवा र समुदायलाई जोड्ने पुलका रूपमा काम गरी आफ्नो जीवन समर्पित गर्ने यो देशका धेरै महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकामध्ये विष्णु माया पनि एक हुन् ।

पहिला स्थिति फरक थियो । मानिसहरु स्वास्थ्यबारे अहिलेजस्तो



**मिलिजुली स्वास्थ्य आमा समूहका सदस्यहरूलाई मातृशिशु स्वास्थ्य तथा पोषणसम्बन्धी छलफलमा संलग्न गराउँदै विष्णु माया ।**

सचेत थिएनन् । खासगरी मातृ तथा बाल स्वास्थ्य र पोषणबारेमा सचेतना कम थियो । विगत २४ वर्षको अवधिमा विष्णु मायाले स्वास्थ्यप्रति मानिसको बुझाइ र दृष्टिकोणमा सकारात्मक परिवर्तन आएको देखेकी छिन् । तथापि, यो परिवर्तन प्राकृतिक रूपमा आएको परिवर्तनको उपज होइन । सुविधाबाट वञ्चित समूहसम्म पुगी सहयोग र शिक्षा प्रदान गर्न विष्णु मायाजस्ता महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाले गरेको अथक प्रयासलाई भुल्नु हुँदैन । विष्णु मायाले यस्तो बैठक आफ्नै घरमा महिनाको एक पटक राख्छिन् । वर्षौंसम्म काम गर्दा विष्णु मायाले यस्ता बैठकले महिला र बालबालिकामा पारेका प्रभाव प्रत्यक्ष देखेकी छिन् । "हाम्रा बैठकमा उपस्थित भएपछि आमा वा बच्चाको स्वास्थ्यमा उल्लेख्य परिवर्तन आएको देख्दा म साँच्चै खुशी छु," उनले भनिन् । "वर्ल्ड भिजनका स्थानीय साझेदारले हाम्रो समुदायमा आयोजना गर्ने स्वस्थ्य बच्चा प्रतियोगितामा सधैं मिलिजुली स्वास्थ्य आमा समूहका बच्चाले जित्छन्," उनले थपिन् ।

स्वस्थ्य बच्चा प्रतियोगिता नियमित बृद्धि अनुगमनको एउटा प्रभावकारी विधि हो । यसमा सबैभन्दा स्वस्थ बालबालिकाका अभिभावकलाई पुरष्कृत गरिन्छ र मध्यम खालको गम्भीर कुपोषण (Moderate Acute Malnutrition) र चरम कुपोषण (Severe Acute Malnutrition) को पहिचान भएका बाबुआमालाई परामर्श प्रदान गरिन्छ भने बच्चालाई पोषण पुनर्स्थापनाका लागि सिफारिस गरिन्छ ।

आ.व. २०१८ मा वर्ल्ड भिजनको सहायतामा मिलिजुली स्वास्थ्य आमा समूहको परिमार्जन गरिएको थियो । समूहले सरकारको नियमभित्र रही हरेक महिना बैठक आयोजना गर्छ । बैठकमा सहभागीले सुनौला १,००० दिनका (गर्भवती र सुत्केरी) आमा र बच्चाका लागि स्वास्थ्य, पोषण र असल अभ्यासबारे छलफल गर्छन् । वर्ल्ड भिजनले वार्षिक रूपमा १२ मध्ये छ वटा बैठकका लागि सहायता प्रदान गर्छ । समूहका सबै १६ जना सदस्य सुनौला १,००० दिनका महिला हुन्छन् । "मेरी छोरी गर्भमा बसेदेखि म यो समूहकी सदस्य भएकी छु । यो समूहले मलाई बच्चालाई उचित पोषण र आमाको दूध मात्र खुवाउनेबारे सिक्न धेरै मद्दत पुऱ्याएको छ । समूहमा सिकेका कुरा मैले मेरो दैनिक जीवनमा प्रयोग गरेकी छु । नियमित बृद्धि अनुगमनका लागि मैले पनि मेरो बच्चालाई स्वास्थ्य सुविधामा लगेँ । आज मेरी छोरी १४ महिनाकी भएको छ । ऊ खुशी र स्वस्थ छ !" मिलिजुली स्वास्थ्य आमा समूहकी सदस्य शोभाले बताइन् ।

# संरक्षण

## जोखिममा रहेका समूहहरूको संरक्षणमा बृद्धि

वर्ल्ड भिजन इन्टरनेशनल नेपालले महिला तथा बालबालिकाको संरक्षणमा समर्पित औपचारिक र अनौपचारिक दुवै खाले सामुदायिक प्रणालीमा सुधार ल्याउन, बालबालिकामा उत्थानशीलता बृद्धि गर्न र बालबालिका तथा अति जोखिममा रहेका समूहका लागि प्रतिकूल हुने सामाजिक अभ्यासको न्यूनीकरणका लागि काम गर्दछ ।

आ.व. सन् २०१९ मा वर्ल्ड भिजनको संरक्षण कार्यक्रम रूपान्तरण नामक परियोजनाका माध्यमबाट बालबालिकालाई संरक्षण गर्न उनीहरूलाई आवश्यक सीप तथा उत्थानशीलता अभिबृद्धि गर्ने र जोखिममा रहेका बालबालिकालाई सहयोग गर्दै बाल संरक्षण पैरवी समूहहरूसँगको साझेदारीमा स्थानीय सुरक्षा प्रणालीको सुधारमा केन्द्रित रहेको थियो । सरकारले अनुमोदन गरेको यस परियोजनाले विद्यालय वा घरमा सामान्यतया व्यवहारकुशल सीप (Soft Skills) सिक्न नपाएका किशोरकिशोरीका लागि १५ वटा मोड्युलसहितको जीवनोपयोगी सीप प्रदान गर्छ । रूपान्तरण मोडेलले किशोरकिशोरीलाई सहपाठी शिक्षाको माध्यमबाट सामूहिक रूपमा शिक्षा प्रदान गर्दछ । यसमा सहपाठी शिक्षा विधि अवलम्बन गरिन्छ, जसमा प्रारम्भिक चरणमा सहपाठीलाई प्रशिक्षकका रूपमा तालिम दिइन्छ र उनहरूले आफ्ना साथीहरूलाई सिकाउँछन् । बाल संरक्षण सम्बन्धि कृयाकलाप प्रवर्द्धनको लागि यस कार्यक्रमले बाल क्लब, शिक्षक, विद्यार्थी तथा अभिभावकजस्ता महत्वपूर्ण सरोकारवालासँग साझेदारी गरेको थियो ।




सिन्धुपाल्चोक जिल्लाका एक छात्रा आफ्नो सहपाठीहरूसँग बाल बिवाहबारे छलफल गर्दै ।




# १६,१५०

संरक्षण कार्यक्रमबाट लाभान्वित बालबालिका र समुदायका सदस्यको संख्या

| | |
|---|---|
| २४ | कार्यसम्पादनबारे समुदायले बताएका सूचकका आधारमा सुधार भएका बाल संरक्षण सेवा र सुविधाहरूको संख्या |
| ११ | प्रमाणमा आधारित बाल संरक्षण नीति वा समुदायका कार्ययोजनाबाट प्राप्त सेवा सुधार सुझावको संख्या जसलाई स्थानीय सरकार/निर्णयकर्ता समक्ष प्रस्तुत गरिन्छ |
| ४ | जोखिममा रहेका व्यक्तिहरूको नेतृत्वमा बाल संरक्षण पैरवी पहलको संख्या |
| १,४८७ | चेतनामूलक कार्यशाला तथा बाल संरक्षण सूचनाको पहुँचबाट लाभान्वित समुदायका सदस्यहरूको अनुपात |
| ५८३ | चेतनामूलक कार्यशाला तथा बाल संरक्षण सूचनाको पहुँचबाट लाभान्वित समुदायका सदस्यहरूको संख्या |
| ७२ | "जोखिममा रहेका" भनी पहिचान भई अभिलेख राखिएका घरधुरीको संख्या |
| ८४ | सामाजिक सुरक्षा सेवाका लागि सिफारिस गरिएका जोखिममा रहेका परिवारको संख्या |
| ३३३ | बाल संरक्षण तथा विद्यमान सेवाबारे अद्यावधिक ज्ञान भएका बालबालिकाको संख्या |


## कार्यक्रम लागू भएका जिल्लाहरू

*अछाम, कैलाली, काठमाडौँ, मोरङ, सर्लाही र संरक्षण कार्यक्रम लागू भएका सबै जिल्लाहरू ।*

## मुख्य सरोकारवाला निकायहरू


*महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; राष्ट्रिय बाल अधिकार परिषद्; सामाजिक विकास मन्त्रालय (प्रदेशका); जिल्ला समन्वय समिति; प्रहरी (महिला तथा बालबालिका सेवा केन्द्र); नगर तथा गाउँपालिका; वडा कार्यालय; वडा बाल सुरक्षा तथा प्रवर्द्धन समिति; विद्यालय; आमा समूह; बाल क्लब; स्थानीय स्वास्थ्य कार्यकर्ता; गैरसरकारी संस्था र संचार माध्यम ।*

## आ. व. २०१९ का उच्चतम् उपलब्धिहरु :




यस अवधिमा शारीरिक हिंसा भोगेका किशोरकिशोरीको अनुपात करिब आधाले कम भएको छ (सन् २०१८ को ६५.९% बाट घटेर २०१९ मा ३८.६% मा झरेको छ) । त्यसैगरी कार्यक्रम लागू भएका क्षेत्रमा विस्तार गरिएका सचेतना कार्यक्रम तथा अभियानले उपलब्ध सेवाप्रति किशोरकिशोरीको ज्ञानमा बृद्धि भयो भने बाल शोषणविरूद्ध सहायता प्राप्त गर्ने तथा प्रतिकार्य संयन्त्रमा उल्लेख्य बृद्धि भई ५८.१% बाट ९१.७% पुगेको छ । त्यसैगरी सामाजिक सुरक्षा, शिक्षा तथा स्वास्थ्य सुविधामा पहुँच पुगेका घरधुरीको संख्या आ.व. २०१८ मा तीनमा एक (७५.७%) थियो भने आ. व. २०१९ मा तीनमा दुईभन्दा बढी (६९.३%) हुन पुगेको छ ।

यस आर्थिक वर्षमा आफ्नो समाज आफू र आफ्ना बालबालिकाका लागि सुरक्षित भएको महसुस गरेका बाबुआमा र हेरचाहकर्ताको अनुपात पनि २०१८ को ५६.२०% बाट बढेर २०१९ मा ६८.६०% पुगेको छ । सामाजिक सुरक्षा योजना, शिक्षा र स्वास्थ्य सुविधामा पहुँच पुग्नेको संख्यामा झण्डै दोब्बरले बृद्धि भई अघिल्लो वर्षको ३५.७०% बाट आ.व. २०१९ मा ६९.३०% पुगेको छ ।




## नेपाल सरकारको प्राथमिकता अनुरुप कार्यक्रम संचालन

वर्ल्ड भिजनको बाल संरक्षण कार्यक्रम बालबालिका ऐन २०७४ को मर्म र भावना अनुरूप छ । वर्ल्ड भिजन इन्टरनेशनल नेपालले बालबालिकाका लागि सबल र सुरक्षित वातावरण सिर्जना गर्न गराउन पहल गर्दछ र सो का लागि नीतिगत सहयोग तथा सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि गर्दछ जसले गर्दा बालबालिकाले आफ्नो अधिकार प्राप्त गर्न सक्दछन् ।

# लखन्तरी-१ अहिले बालमैत्री भएको छ !



जनवरी ११, २०२०– सानो राकेशका लागि यो एउटा महत्वपूर्ण दिन हो । आज प्रदेश १ अन्तर्गत मोरङ जिल्लाको लखन्तरीस्थित वडा नं. १ बालमैत्री वडाका रुपमा घोषणा हुँदैछ ।

दुई-वर्षीय राकेश बिहान सबेरै ब्युँझिए । बिहानको खाजा खाए । न्यानो कपडा लगाए र बालमैत्री वडा घोषणा कार्यक्रममा जान तयार भए ।

घोषणापछि राकेशजस्ता बालबालिकाले बालअधिकारको सुनिश्चिततासहित आफू हुर्कने राम्रो वातावरण पाउँछन् । घोषणाले हुर्कने, सिक्ने र गुणस्तरीय जीवन जिउने उचित वातावरण पाउने बालबालिकाको हक लखन्तरीमा सुनिश्चित भएको देखाउँछ । यसले यस वडाका बाबुआमाहरु आफ्ना बालबालिकालाई विद्यालय पठाउनुपर्ने कुराप्रति सचेत छन् र शारीरिक तथा मानसिक दुर्व्यवहार, बालबालिका बेचबिखन र बाल विवाहलगायतका बालबालिकाप्रति हुने हिंसाका नकारात्मक असरप्रति समुदाय सचेत छ भन्ने पनि देखाउँछ । अझ महत्वपूर्ण कुरा त यस कार्यक्रमले लखन्तरीका बालबालिका आफ्ना अधिकारप्रति सचेत छन् भन्ने पनि इङ्गित गर्छ ।

२ वर्षे राकेश हजुरआमासँग बालमैत्री वडा घोषणा गर्ने कार्यक्रममा ।




**मोरङ जिल्लाका बाल क्लबका सदस्यहरूले बालमैत्री वडा घोषणाको समर्थनमा र्‍याली निकाल्दै ।**

लखन्तरीका बालबालिकाका मुद्दा स्थानीय सरकारका विकास प्राथमिकतामा मूलप्रवाहीकरण गरिनेछ र बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ जसले गर्दा बालबालिकाका आवाज पनि सुनिनेछ ।

बालमैत्री वडा घोषणाका लागि लखन्तरी-१ बालमैत्री वडा हो कि होइन भनी हेर्न बालमैत्री स्थानीय शासनका ४९ वटा सूचकहरूलाई आधार मानिएको थियो । मूल्याङ्कनले लखन्तरीले बाँच्न पाउने अधिकार, संरक्षण, विकास र सहभागितालगायतका विभिन्न सूचकमध्ये सबै सूचक हासिल गरेको देखाएपछि सन् २०२० को जनवरी १२ मा प्रदेश १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेबाट यो वडालाई बालमैत्री वडा घोषणा गरिएको हो । किशोरीहरूलाई स्यानीटरी प्याड वितरण गर्दै सामाजिक विकास मन्त्रीबाट कार्यक्रमको उद्घाटन भयो । "म लोखन्तरी-१ का जनतालाई बधाई दिन चाहन्छु र लोखन्तरी र ग्रामथान गाउँपालिकालाई मात्रै होइन सम्पूर्ण प्रदेशलाई नै बालमैत्री बनाउन हातेमालो गर्न म सबै सरोकारवालालाई आग्रह गर्दछु," मन्त्री घिमिरेले भन्नुभयो । कार्यक्रममा स्थानीय सरकारका प्रतिनिधि, समाज कल्याण परिषद्, वडा बालअधिकार समिति, युवा क्लब, बाल क्लब, समुदाय, विकास तथा मानवीय सहायताका क्षेत्रमा काम गर्ने संघ संस्था र सञ्चार माध्यमको उपस्थिति थियो । लखन्तरीका बालबालिका आफैंले कार्यक्रम सञ्चालन गरेका थिए ।

वर्ल्ड भिजनले मोरङ, सुनसरी र उदयपुरमा बाल विकास, बाल संरक्षण, बाल सहभागिता र प्रणाली सुदृढीकरणका क्षेत्रमा दिगो प्रगति र प्रभावका लागि प्रादेशिक सरकार, स्थानीय सरकार र समुदायसँग साझेदारी गर्दै आएको छ । सरकार, वर्ल्ड भिजन, स्थानीय साझेदार, आस्थाका अगुवा, समुदाय र बालबालिकासमेतको प्रयासका कारण गत अप्रिलमा लोखन्तरीलाई बाल विवाहमुक्त क्षेत्र घोषणा गरिएको थियो ।






# उत्थानशीलता

## विपद् र संकटविरुद्ध समुदायको उत्थानशीलता बृद्धि

विकाससम्बन्धी हाम्रा प्रयासहरूले मूल्य श्रृंखला विकास (Value Chain Development), जोखिममा रहेका युवाको सीप अभिबृद्धि, नवीनतम् प्रविधिको प्रयोग र उत्कृष्ट कृषिका क्षेत्रमा तालिम कार्यक्रम र समुदाय सहायता कार्यक्रमका माध्यमबाट उत्पादन, आयआर्जन र आफ्ना बालबालिकाका आवश्यकताहरु पूर्ती गर्न सक्ने क्षमता बृद्धि गर्न परिवारलाई सहयोग गर्छन् ।

## कृषि तथा आर्थिक विकास (*AED*)

आ.व. २०१९ मा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले कृषि तथा आर्थिक विकास कार्यक्रमको माध्यमबाट जोखिममा रहेका परिवारको आर्थिक अवस्था सुधारका लागि दिगो मूल्यलाई पनि सँगसँगै लैजान दुई मुख्य नमुना आयोजना कार्यान्वयन गरेको थियो । स्थानीय मूल्य श्रृंखला विकासले सहभागितामूलक तरिकाले मूल्य श्रृंखलाको उपयोग गर्दछ । यसले जोखिममा रहेका उत्पादक र किसानलाई बजारलाई असर पार्ने तत्वको लेखाजोखा गर्न, मुख्य सूचना तथा जानकारी सुरक्षित राख्न, बजारसँग सम्बन्धित मुख्य सरोकारवालासँग सम्बन्ध स्थापना गर्न र बजारलाई प्रभाव पार्न सक्ने मुख्य तत्वसँग सहकार्यमा काम गर्न र मुनाफा बृद्धि गर्न सहयोग गर्दछ । त्यसैगरी रूपान्तरणका लागि बचत (Savings for Transformation - S4T) कार्यक्रममार्फत् बचत समूहका सदस्यहरूले बचत समूहको स्थापना, व्यवस्थापन र संचालन गर्दछन् । जसमा समूहले थोरैथोरै रकम संकलन गरी बचत गर्दै विवेकपूर्ण तरिकाले खर्चको व्यवस्थापनका उपायहरु सिक्छन् ।

*वर्ल्ड भिजनको कृषि तथा आर्थिक विकास कार्यक्रमको एक लाभार्थी आफ्नो सुँगुर फार्ममा ।*

# १,१६,४५८

कृषि तथा आर्थिक विकास कार्यक्रम पुगेका व्यक्तिको संख्या


| | |
|---|---|
| २५ | स्थानीय मूल्य श्रृंखला (ाख्क्ष्म) सम्बन्धी तालिमप्राप्त कर्मचारीको संख्या |
| ४०५ | विगत ६ महिनामा आफ्नो कार्ययोजनामा उल्ल खित क्रियाकलापमध्ये कम्तीमा एउटा क्रियाकलापलाई कार्यान्वयनमा ल्याएका उत्पादक समूहहरूको अनुपात र संख्या |
| ३,८३२ | उन्नत तथा दिगो कृषि प्रविधिसम्बन्धी तालिम लिइरहेका किसान (वा व्यक्ति) को संख्या |
| १,६७९ | कृषि सहायता प्राप्त गरेका किसान (वा व्यक्ति) को संख्या |
| १,१०७ | खानपानमा पर्याप्त पोषण विविधता भएका घरको संख्या |
| ३,५४८ | क्रेतासँग सम्बन्ध स्थापित भएका उत्पादकको संख्या |
| १,७४४ | बजार साक्षरता कक्षामा भर्ना भएका उत्पादकको संख्या |
| ७४० | वित्तीय तथा प्राविधिक सेवा प्रदायक तथा उत्पादकसँग मिलेर बनाइएको कार्ययोजनाको संख्या |
| १,१०१ | आय-व्ययको योजना बनाएका घरको संख्या |
| १५३ | नयाँ बचत समूहको संख्या |
| १३९ | हाल संचालनमा रहेका बचत समूहको संख्या |
| १,६५९ | घरबाट निस्कने फोहर व्यवस्थापन गर्ने घरको संख्या |



**कार्यक्रम लागू भएका जिल्लाहरु**

*जुम्ला, कैलाली, काठमाडौं, सिन्धुली र उदयपुर*

## सन् २०१९ मा उच्चतम् उपलब्धिहरु :




सन् २०१९ मा कृषि तथा आर्थिक विकास कार्यक्रममार्फत् औपचारिक वित्तीय सेवाको उपयोग गर्ने कृषि उत्पादकको संख्यामा तीन गुणाले बृद्धि भई आ.व. २०१८ को जम्मा २१% बाट बढेर यस आर्थिक वर्षमा ६०.९% पुगेको छ । त्यसैगरी २०१८ मा कार्यक्रम लागू भएका क्षेत्रमा जम्मा आधा घरपरिवारसँग (५२%) मात्र पैसा बचत गर्ने माध्यम रहेकोमा यो संख्या बढेर आ.व. २०१९ मा तीन चौथाई (८५%) पुगेको छ । मूल्य श्रृंखला विकासमा वर्ल्ड भिजनले काम गरेका उत्पादकमध्ये ६२% ले आफ्नो उत्पादन बढाए भने ५५% (प्रतिवर्ष औसत ७,००० रूपियाँ) ले आम्दानी बढाएका छन् ।

## नेपाल सरकारको प्राथमिकता अनुरुप कार्यक्रम संचालन

वर्ल्ड भिजन इन्टरनेशनल नेपालको कृषि तथा आर्थिक विकास कार्यक्रम कृषि विकास रणनीति (२०१५-२०३५) र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका प्राथमिकताको पूरकका रूपमा काम गर्दछ । वर्ल्ड भिजनले स्थानीय मूल्य श्रृंखला विकास (LVCD) विधिमार्फत् कृषिमा आधारित र गैरकृषिमा आधारित गरी आयआर्जनका दुवै खाले क्रियाकलापको प्रवर्द्धन गर्दछ ।



दीपाकलौ छोरासँग आफ्नो तरकारी फार्ममा ।

# जुम्लाका उत्थानशील समुदाय

तपाईं जुम्ला जानुभयो भने यसको सुन्दरताले तपाईंलाई मोहित पार्नेछ । उच्च भेगमा रहेका सुन्दर उपत्यका र ऐतिहासिक महत्व बोकेका स्थानहरु भएको जुम्ला प्रकृति र सँस्कृतिमा धनी छ ।

तथापि, यो सुन्दरतासँगै विभिन्न कठिनाइ पनि छन् । जुम्लाका स्थानीयले प्रतिकूल हावापानीको सामना गर्नुपर्छ । वर्षको झण्डै आठ महिनासम्म रहने पीडादायी सुक्खा मौसमका कारण जुम्ला जिल्लामा लामो खडेरी पर्छ । यसबाट ठूलो मात्रामा बालीनाली नष्ट हुने भएकाले किसानहरु सबैभन्दा बढी मर्कामा पर्छन् र स्थानीयको खाद्य सुरक्षामा चुनौती थपिन्छ ।

यस्तो अवस्था मालिकाठाटा गाउँमा दुई वर्ष अघिसम्म थियो । स्याउ खेतीको भरमा जीविकोपार्जन गर्ने धेरै मानिसहरूलाई स्याउका बोटहरु जोगाउन साह्रै



गाह्रो भयो । "पानी नपरेकाले हामीलाई बोटमा सिँचाइ गर्ने पानी भएन । यसले गर्दा स्याउका हाँगाबिँगा सुकेर झरे भने फूलहरू फक्रिन नपाउँदै ओइलाए । हामी निराश भयौँ," किसान कल्पनाले भनिन् । जेनतेन उत्पादन भएको खाद्यान्नले मुस्किलले तीन महिना धान्न पनि गाह्रो थियो । त्यसपछि गाउँलेले स्थानीय बजारबाट किनेर खानुपर्थ्यो ।

यसका साथै पानी बोकेर ल्याउने काम निकै गाह्रो थियो । "बिहान मिर्मिरे उज्यालो नहुँदै हामी गाग्री बोकेर धारामा पानी लिन जान्थ्यौँ । त्यहाँ पुग्न झण्डै दुई घण्टा लाग्थ्यो । पानी थाप्ने पालो आउन ३-४ घण्टा कुर्नुपर्थ्यो । घर आइपुग्दा साँझ परिसक्थ्यो, बत्ती बालेर आउनुपर्थ्यो," कल्पनाले थपिन् ।

सन् २०१७ को अक्टोबरमा वर्ल्ड भिजन स्विजरल्याण्डको आर्थिक सहयोगमा वर्ल्ड भिजन इन्टनेशनल नेपालले जुम्लामा गाउँ स्पोन्सरसीप परियोजना कार्यान्वयन गर्न सुरू गरेको थियो । मालिकाठाटा लगायतका क्षेत्रमा बृहत् कृषि सहायताको प्रस्ताव गरियो । त्यसपछि, सिँचाइका लागि पानी सङ्कलन गर्न हिमपोखरी निर्माण गरिएको थियो । स्थानीय बासिन्दालाई पनि प्राविधिक तालिम र कृषि सहायता प्रदान गरिएको थियो ।

त्यस्तो उच्च भू-भागमा हिमपोखरी नर्माण गर्नु सोचेजस्तो सहज काम थिएन । हिमपोखरी निर्माणका लागि सामान ओसार्न मात्रै १६ दिन लाग्यो । अझ दुःखको कुरा त के भने हिमपोखरी वर्षा याममा निर्माण गरियो । छिट्टपुट्ट वर्षा भइरहन्थ्यो । बाटो चिप्लो हुन्थ्यो र गाउँलेलाई काम गर्न असाध्यै कठिन हुन्थ्यो । यद्यपि, यस्ता कठिनाइ भए पनि गाउँलेले उच्च उत्साहका साथ काम गरे । केही हप्तापछि त हिमपोखरी प्रयोग गर्न मिल्ने भयो ।

हिमपोखरी बनेपछिको पहिलो हिउँदको मार्च महिनामा गाउँलेले पाइपबाट हिमपोखरीको पानी लगेर खेतीबालीमा सिँचाइ गरे । "त्यस्तो सामान्य उपायले हाम्रो ठूलो परिश्रम जोगिएकोमा हामी धेरै खुशी थियौँ । यसले साँच्चै काम गर्‍यो !" कल्पनाले स्मरण गरिन् । समयमा सिँचाइ भएपछि बाली बिरूवा जोगिए र १० गुणाभन्दा बढीले उत्पादन बृद्धि भयो । "दुई वर्ष पहिला मेरो बारीमा जम्मा ४० किलो स्याउ फलेका थिए । गत वर्ष भने बढेर ४०० किलो स्याउ फले," एकजना स्थानीयले भने ।

यसका अतिरिक्त उक्त समुदायमा २२ जना सदस्यसहितको एउटा ताजा तरकारी उत्पादक समूह गठन गरियो । समूहका सदस्यहरूले जैविक मल, उन्नत बीऊ र आधुनिक कृषि उपकरणको प्रयोगसम्बन्धी तालिम लिए । उनीहरूलाई प्लाष्टिकको टनेल, सिँचाइ गर्ने भाँडो, तरकारीका बीऊ, आदि सहयोग गरिएको थियो ।

यस किसिमको सहयोगबाट सबैभन्दा बढी फाइदा लिने मध्ये एक व्यक्ति दीपाकली थापा हुन् । उनी उत्पादक समूहकी अध्यक्षसमेत हुन् । आफूले गर्दै आएको सानो पसल निरन्तर घाटामा गएपछि करिब छ वर्ष पहिला दीपाकलीको परिवारले आलु, दाल बेच्न र निर्माण क्षेत्रमा मजदुरी गर्न थालेका थिए ।

दीपाकलीले गरेको खेतीबाट थोरै उत्पादन हुन्थ्यो । यसले उनीहरूलाई दुई-चार महिना पनि पुग्दैनथ्यो । उनीसँग भएको थोरै जमिन पनि सुक्खा मौसम र सिँचाइको अभावका कारण प्रयोग भएको थिएन । खाद्यान्नको अभाव र स्थायी आय स्रोत नभएकोले खासगरी हिउँदमा उनका परिवारलाई निकै सकस थियो । "हिउँदमा हामीले कहिल्यै हरियो तरकारी खाएनौँ किनभने हामीसँग आलु, दाल र चामल मात्र हुन्थ्यो । कुनै बेला हामीले रोटी र खुर्सानी मात्रै खाएर पनि बसेका थियौँ," उनले भनिन् । "म गर्भवती हुँदा पोषणयुक्त खाना खान नपाएकोले मलाई मोतिविन्दु भएको थियो । मेरो छोरो हरिकृष्ण कम तौलको जन्मियो । मलाई उसको स्वास्थ्यको अति चिन्ता लाग्थ्यो ।"

प्रयोगमा नआएको जमिनमा बेमौसमी खेती गर्न आवश्यक ज्ञान र कृषि सामग्री पाएपछि दीपाकलीलाई हल्का भएको छ । अहिले दीपाकलीले वर्षभरि साग, केराउ, गोलभेँडा, गाँजर, मुला, आदि उत्पाद गर्छिन् । "मेरो छोराले तरकारी खान्छ र ऊ स्वस्थ छ । मैले पनि गाउँमा तरकारी बेच्छु र प्रतिमहिना लगभग १,००० रूपैँया कमाउँछु," दीपाकलीले भनिन् । उनले विस्तारै उत्पादन बढाउँदै जान चाहेकी छिन् ।



**उत्पादन समुहका सदस्यहरू नियमित बैठकका लागि भेला हुदैं ।**

दीपाकलीको नेतृत्व गरेको उत्पादन समूहका अधिकांश सदस्यले दीपाकलीको सिको गरेका छन् र जुनसुकै मौसममा पनि तरकारी उत्पादन गर्न थालेका छन् । "वर्ल्ड भिजनका कर्मचारी आएर हाम्रा समस्या उहाँहरूले समाधान नगर्ने तर हामी आफैँले यो काम गर्नुपर्ने बताउनुभयो र काम गर्ने तरिका सिकाउनुभयो । उहाँहरूको सहयोगका कारण अहिले हामीलाई पानी सहजै उपलब्ध छ र झण्डै वर्षभरि नै पोषणयुक्त खाना खान पाएका छौँ," समूहकी एकजना सदस्य कल्पनाले भनिन् ।

वर्ल्ड भिजनको सहयोग र यसको साझेदार गैरसरकारी संस्था कर्णाली दिगो विकास प्रतिष्ठान (Karnali Sustainable Development Academy) ले जुम्लामा कार्यान्वयन गरेको कार्यक्रमका कारण तीला गाउँ पालिकाका सात वटा वडाका स्थानीय बासिन्दामा खाद्य सुरक्षा सङ्कटको सामना गर्ने क्षमतामा २५ प्रतिशतले वृद्धि भएको छ किनभने उनीहरूको आयमा बृद्धि भएको छ र तीन महिनाभन्दा बढी समय परिवार पाल्न पुग्ने गरी पर्याप्त खाद्यान्न उत्पादन गर्न सक्ने भएका छन् ।





बहिनीको लागि फक बनाउन कपडा काट्दै नुरजाहाँ ।

# युवा विकास

आ.व. २०१९ मा स्काइ (SKYE) क्लबको निर्माण गरी ग्रामीण समुदायका युवालाई लक्षित १८ महिने स्काइ पाठ्यक्रम संचालन गरिएको थियो । कार्यक्रमले १६-२६ वर्ष उमेरका युवालाई तिनका समुदायले भोगेका मुख्य समस्या पहिचान गर्न सक्षम बनाएको छ । ती युवाले बजारले सिर्जना गरेका अवसरको लेखाजोखा गरी सेवामूलक सिकाइ र सामाजिक उद्यमशीलताका क्षेत्रमा योजना तर्जुमा गरी मूल्य श्रंखला विधि कार्यान्वयन गरेका छन् । यसका अतिरिक्त स्काइ क्लबका अगुवाले सक्रिय नागरिक, नेतृत्व, रोजगार क्षमता र समाजिक उद्यमशीलता सम्बन्धि सीप अभिवृद्धिका लागि अनुभवजन्य सिकाइ विधिको प्रयोगद्वारा सहपाठीलाई सहयोग गरेका थिए । उक्त क्लबहरूले प्रतिवर्ष चारवटा परियोजना संचालन गरेका छन् ।




**२,१२२**

रोजगारमूलक पाठ्यक्रमसम्बन्धी तालिम पाएका युवायुवतीहरूको संख्या


| | |
|---|---|
| **८८** | स्काइ क्लबद्वारा सम्पन्न गरिएका युवा कार्यक्रमको संख्या |
| **६६** | १८ महिने चक्र पुरा गरेका स्काइ क्लबको संख्या |
| **१,००४** | नेतृत्व पाठ्यक्रमसम्बन्धी तालिम पाएका युवाको संख्या |
| **१,७५८** | सामुदायिक परियोजनामा सक्रियतापूर्वक सहभागी किशोरकिशोरीको संख्या |
| **१,४०७** | सामाजिक उद्यमशीलता पाठ्यक्रमसम्बन्धी तालिम पाएका महिला र पुरूष युवाको संख्या |



कार्यक्रम लागू भएका जिल्लाहरु

*लमजुङ, मोरङ, रूपन्देही र सुनसरी ।*

## सन् २०१९ मा उच्चतम् उपलब्धिहरू :




यस युवा विकास कार्यक्रमले युवा वर्गका महिला र पुरूष दुवैलाई भविष्यप्रतिको सकारात्मक धारणातर्फ अभिमुखीकरण गराएका छन् भने समुदायमा उनिहरूको सक्रियतामा अघिल्लो वर्ष ४४.६% बाट २०१९ मा ९१.१% बढाएका छन् । त्यसैगरी नागरिक संलग्नताप्रतिको धारणामा सुधारको महसुस गरेका महिला तथा पुरूषको अनुपातमा दोब्बरले बृद्धि भई ३९.५% बाट ८३.५% पुगेका छन् । साथै, सोही अवधिमा उत्पादनशील जीवन जिउन सघाउ पुऱ्याउने सिकाइ अवसरमा पहुँच पाएका किशोरकिशोरीको अनुपात ५७% बाट बढेर ७७.६% पुगेको छ । कार्यक्रमले शिक्षा, रोजगारी वा तालिम नपाएका युवाको संख्या ३०% बाट घटाएर ९% मा पुग्न मद्दत पुऱ्याएको छ ।

सुनसरी जिल्ला अवस्थित सरस्वती आधारभुत विद्यालयमा चन्दन आफ्नो स्काई क्लबको सदस्यहरूसँग ।



# सामुदायिक विकासका लागि युवा सशक्तीकरण

सुनसरी जिल्लाका बासिन्दा चन्दन ठाकुर अहिले १९ वर्षका भए र उनले १२ कक्षाको परीक्षाफल कुरेर बसेका छन् । उनी सन् २००४ मा वर्ल्ड भिजन इन्टरनेशनल नेपालको बाल स्पोन्सरसीप कार्यक्रममा दर्ता भएका थिए । उनको परिवार गरिब थियो । उनका बुबा परिवारमा आयआर्जन गर्ने एक मात्र व्यक्ति थिए । परिवार पाल्न उनले अरूको हेयर सैलुनमा कपाल काट्ने काम गर्थे । उनलाई परिवारका आधारभूत आवश्यकता पूरा गर्न धौ धौ थियो । चन्दनको परिवारलाई उनको समुदायका सीमान्तकृत मानिसलाई लक्षित गरी वर्ल्ड भिजनले सञ्चालन गरेको जीविकोपार्जनसम्बन्धी तालिममा सहभागी हुने अवसर प्राप्त भयो । उनीहरूले व्यवसाय सुरू गर्न वर्ल्ड भिजनबाट कुर्ची, ऐना, कैँची, पत्ती, पङ्खाजस्ता जीविकोपार्जनका साधन र उपकरण प्राप्त गरेको थियो ।

उनीहरूले सैलुन सुरू गरेको चार वर्ष भइसक्यो । अहिले चन्दनले उनका बाबुलाई सैलुन चलाउन सक्रिय रूपमा सहयोग गर्छन् । उनीहरूले सैलुनबाट प्रतिदिन ८०० देखि १,००० रूपियाँ कमाइ गर्छन् । दिगो आय स्रोत भएकाले चन्दन र उनका बाबुले



परिवारका आधारभूत आवश्यकता पूरा गर्ने मात्र नभई ११ कक्षा पढ्ने भाइको पढाइ खर्च पनि पुऱ्याउन सक्ने भएका छन् । चन्दन र उनका बुबाले व्यवसाय विस्तार गर्ने पनि योजना बनाएका छन् ।

सुरूवाती व्यवसायमा सहयोग प्राप्त गर्नुका साथै चन्दनकी आमाले वर्ल्ड भिजनबाट एउटा गाई र तरकारी खेतीसम्बन्धी तालिम प्राप्त गरेकी छिन् । यसबाट उनका परिवारले पोषणयुक्त खाना खान पाएका छन् ।

स्पोन्सरसीप प्राप्त गरेको बच्चा भएका हुनाले चन्दन वर्ल्ड भिजनको स्पोन्सरसीप कार्यक्रममार्फत् उनको समुदायमा सञ्चालन हुने विभिन्न कार्यक्रम र गतिविधिमा सक्रिय रूपमा सहभागी हुन्थे । आत्मविश्वास र नेतृत्व क्षमताका कारण उनी युवा आर्थिक सशक्तीकरणका लागि ज्ञान तथा सीप क्लब अर्थात् स्काइ क्लबको नेताको रूपमा छनोट भएका थिए । आज उनले वर्ल्ड भिजनले गठन गरेको एउटा स्काइ क्लबको नेतृत्व गर्छन् । साथै उनले समुदाय र स्थानीय सरकारसँग निकटतम् सहकार्य गरी समुदायस्तरमा संचालन हुने सरसफाइ अभियान र मदिरा तथा लागु औषध दुरूपयोगविरूद्धका अभियानजस्ता विभिन्न विकास तथा सचेतना कार्यक्रमहरूको नेतृत्व गर्छन् । उनले युवाहरूलाई समुदायका गतिविधिमा जतिसक्दो सहभागी हुन पनि प्रोत्साहन गर्छन् ।

"चन्दन निकै सक्रिय छन् र विभिन्न खालका रचनात्मक कुरा लिएर आउँछन् । ऊ समुदायका युवाहरूका लागि प्रेरणाको स्रोत भएका छन्," चन्दनको स्काइ क्लब रहेको तथा उनी पढेको विद्यालय सरस्वती आधारभूत विद्यालयका प्रधानाध्यापकले भने ।

"स्काइ क्लबका कारण चन्दनले समुदायमा नितान्त नयाँ परिचय बनाएका छन् । मलाई अहिले चन्दनको बुबा भनेर चिन्छन् । उसको बुबा हुन पाएकोमा मलाई गर्व छ र म वर्ल्ड भिजनलाई धन्यवाद दिन चाहन्छु," चन्दनका बुबा हरेराम ठाकुरले भने ।



**भूकम्पबाट बच्ने नमुना अभ्यास गर्दै विद्यार्थीहरू ।**

**६८,५८६**

विपद् जोखिम न्यूनीकरण तथा बाढीविरूद्ध प्रतिकार्य क्रियाकलापबाट लाभान्वित को संख्या

# विपद् जोखिम व्यवस्थापन



आ.व. २०१९ मा भारी वर्षाबाट उत्पन्न बाढीपहिरोका कारण नेपालको तराई क्षेत्रले ठूलो क्षति बेहोर्नुपर्‍यो । त्यसबेला बाढी प्रभावित मानिसलाई तत्काल राहत तथा सहयोग प्रदान गर्ने अन्य निकाय नभएको भन्दै सहयोगका लागि नेपाल सरकारले गरेको अनुरोध स्वीकार्दै आपत्कालीन कार्यक्रममार्फत् वर्ल्ड भिजन इन्टरनेशनल नेपालले आफ्ना कार्यक्रम लागू गरेका क्षेत्र र अन्य क्षेत्रका (रौतहट र महोत्तरी जिल्ला) ४८,८२९ घरधुरीलाई सहयोग गरेको थियो । वर्ल्ड भिजनले कूल ६,२०९ परिवार (१७,७८६ व्यक्ति) लाई सहयोग पुर्‍याएको थियो । साथै बाढी प्रभावित परिवारलाई आवश्यकता अनुसार NFI, अस्थायी आवास, WASH सामग्री, खाद्य सामग्री, स्वच्छता सामग्री, डिग्निटी सामग्री (Dignity Kits) र सिकाई सामग्री (Student Kits) उपलब्ध गराइएको थियो ।

विपद् जोखिम व्यवस्थापन कार्यक्रमले विपद्जन्य जोखिमको खाका तयार गर्न र समुदायमा आधारित विपद् व्यवस्थापन विधिद्वारा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तयार गर्न नेपालका ११ जिल्लाका स्थानीय समुदायको निकट रही काम गरेको थियो । सन् २०१९ मा हासिल भएका उपलब्धिहरु तलको तालिकाले प्रस्तुत गर्दछ ।

### कार्यक्रम लागू भएका जिल्लाहरू

*अछाम, डोटी, जुम्ला, कैलाली, काठमाडौं, लमजुङ, मोरङ, रुपन्देही, सिन्धुली, सुनसरी, सर्लाही र उदयपुर ।*

### मुख्य सरोकारवाला निकायहरू

*गृह मन्त्रालय; संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; जल तथा मौसम विज्ञान विभाग; जिल्ला प्रशासन कार्यालय; जिल्ला विपद् व्यवस्थापन समिति; जिल्ला समन्वय समिति; सामुदायिक विपद् व्यवस्थापन समिति; राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्र; कृषि ज्ञान केन्द्र; बचत समूह; सहकारी; किसान समूह र साझेदार गैरसरकारी संस्था ।*

| | |
|---|---|
| ६६ | वर्ल्ड भिजनको सहयोगमा तयार गरिएको LDCRP |
| १ | स्थानीय इमर्जेन्सी अपरेसन सेन्टर निर्माण संख्या |
| १० | विपद्सम्बन्धी नमुना अभ्यास कार्यक्रम संचालन संख्या |




# कार्यक्रम जवाफदेहिता

वर्ल्ड भिजन इन्टरनेशनल नेपालले सरोकारवाला, समुदाय र लाभग्राहीहरूलाई उनिहरूको अधिकारबारे सुसूचित गर्दछ र उनिहरूलाई गुनासो, प्रतिक्रिया व्यक्त गर्ने अधिकार, सूचनाको अधिकार पृष्ठपोषण/प्रतिकार्य संयन्त्रलगायत परियोजनाबारे उचित सूचना तथा जानकारीमा पहुँच सुनिश्चित गर्दछ । सामुहिक भेला, पर्चा, पोस्टर, रेडियो सन्देश र होर्डिङ बोर्डजस्ता जनचेतनाका विविध माध्यम मार्फत सुसूचित गरिएको थियो । कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्यांकनजस्ता आधारभूत अवयवहरु समेटी कार्यक्रम चक्रको रूपमा स्थापित गरिएको छ । सहभागितामूलक र पारदर्शी विधिमार्फत् अति जोखिममा रहेका समुदायबाट लाभग्राही छनोट गरिन्छ ।

सामुदायिक सुझाव संयन्त्र (Community Feedback Mechanism) मार्फत् समुदायका सदस्य र सरोकारवालाले आफ्ना अमूल्य विचार, चासो, सल्लाह, प्रशंसा अभिव्यक्त गर्न सक्छन् । लाभग्राही छनोट, र कार्यक्रमको गुणस्तर, समय सीमा, प्रशंसा, अनुरोध र गुनासोलगायतका समुदायका आवाजलाई पृष्ठपोषण संयन्त्रमार्फत् (जस्तै कार्यक्रम अवधिमा कर्मचारीले पृष्ठपोषणका लागि प्रोत्साहन, सुझाव पेटिका र टोल फ्री नम्बर) सम्बोधन गरिएको थियो । बालबालिका र परिवारसम्म पुगी कार्यक्रम सम्बन्धमा जानकारी दिई उनहरूलाई गुनासो व्यक्त गर्ने अवसर प्रदान गरेर वर्ल्ड भिजन इन्टरनेशनल नेपाल र समुदायबीचको सम्बन्ध थप मजबुत बनाउन यस्ता सामुदायिक पृष्ठपोषण संयन्त्रले महत्वपूर्ण भूमिका खेलेको थियो ।

सन् २०१९ मा प्राप्त १,९२७ प्रतिक्रियामध्ये आधाभन्दा बढी (५२%) को समाधान गरियो भने ४७.३८% सुझावको सुनुवाई हुनुपर्ने जरूरी देखिएन । यद्यपि, एउटा भने फलोअपको क्रममा छ । यस्ता प्रतिक्रियाले संगठनको पारदर्शिताका साथै कार्यक्रम र समग्र संगठनप्रति समुदायका मानिस तथा सेवाग्राहीको विश्वास जित्न सहयोग गर्दछ । यसका अतिरिक्त, पृष्ठपोषणको संख्या प्रत्येक वर्ष बढिरहेको समग्र नतिजाले देखाएका छन् जुन सकारात्मक पक्ष हो किनकि यसले पारदर्शिता र कार्यक्रमप्रति समुदायको विश्वास बढाउँछ ।

## समुदायिक प्रतिकृया (%)




## वर्ल्ड भिजन इन्टरनेशनल नेपालमा अनुगमन, मूल्यांकन, उत्तरदायित्व तथा सिकाइ (MEAL) प्रणाली

MEAL प्रणालीले विकास कार्यक्रमको स्वामित्व र नेतृत्व समुदायमै निहित हुने अवस्थाको सुनिश्चितता गर्न समुदायमा आधारित पद्धति माथि जोड दिएको छ ।

जोखिममा रहेका समुदाय, महिला तथा बालबालिकालाई लेखाजोखा तथा योजना तर्जुमाका विभिन्न चरणमा सहभागी गराई तिनीहरूका आवाजलाई सम्बोधन गरिएको थियो । वर्ल्ड भिजनको अनुगमन तथा मूल्यांकन प्रणालीअन्तर्गत गुणस्तर अनुगमन (निर्दिष्ट मानकका आधारमा गुणस्तरीयताको चेकजाँच), उपलब्धि अनुगमन, मध्यावधि मूल्यांकन र अन्तिम मूल्यांकन पर्छन् । यी कार्यक्रमहरु आयोजनाको चक्रमा आधारित छन् । वर्ल्ड भिजन इन्टरनेशनल नेपालले परिमाणात्मक तथ्यांकको लागि मोबाइल एप्लिकेसनको प्रयोग गर्दछ । प्राथमिक र द्वितीय गरी सूचनाका दुबै प्रकारका स्रोतका आधारमा संकलन भएका तथ्यका आधारमा अन्तिम निर्णय लिइन्छ ।



विद्यार्थीहरू आफ्ना कक्षाकोठा तर्फ जाँदै ।



# नेपालमा समावेशी शिक्षाको सबलीकरण (SIKAI)

4 QUALITY EDUCATION

10 REDUCED INEQUALITIES

**पृष्ठभूमि :** सिकाइ (SIKAI) परियोजनाले अति जोखिममा रहेका बालबालिकालाई शिक्षामा समान पहुँच र आधारभूत शिक्षामा समतामूलक सिकाइ उपलब्धि सुनिश्चित गर्ने लक्ष्य राख्छ । शिक्षा प्रणाली सबल बनाउन शिक्षाका अवयवलाई एकीकृत गर्नु यसको दीर्घकालीन सोच हो । यो सोच हासिल गर्न यसले शिक्षालाई समावेशी बनाउने, समुदायमा चेतना जगाउने, विद्यालयको वातावरण सुधार्ने, कक्षाकोठामा अतिरिक्त समावेशी सिकाइ सामग्रीहरू राख्ने, सुरक्षित र सबैको पहुँच पुग्ने गरी विद्यालय संरचना बनाउने, विद्यालयमा खानेपानी, सरसफाइ र स्वच्छता (WASH) तथा खेलमैदानका सुविधा उपलब्ध गराउने, समावेशी शिक्षाको कार्यान्वयन तथा बाल संरक्षण प्रणालीमा सुधार ल्याउने लगायतका कार्यहरु गर्दछ ।

दर्ता भएका मदरसासमेत ७२ वटा विद्यालय, विद्यालय जाने र नजाने बालबालिका, सिङ्गो समुदाय र चारवटा पालिकालाई यस परियोजनाले लक्षित गरेको छ । विद्यालयमा आधारभूत सेवा प्रदान गर्नका लागि स्थानीय तहमा समावेशिताको निर्देशिका बनाई लागू गर्न यस परियोजनाले स्थानीय सरकार र विद्यालय व्यवस्थापन समितिसँग मिलेर काम गर्दै आएको छ ।

**परियोजनाको लक्ष्य :** अति जोखिममा रहेका बालबालिकाको शिक्षामा पहुँच र समान सहभागिता हुन्छ र आधारभूत शिक्षामा समतामूलक सिकाइ उपलब्धि हासिल हुन्छ ।

**परियोजनाले समेटेका क्षेत्र :** सर्लाही जिल्लाको हरिपुरवा नगरपालिका, पर्सा गाउँपालिका, चन्द्रनगर गाउँपालिका र ब्रम्हपुरी गाउँपालिका ।

### सन् २०१९ को प्रगति (सुरुको ३ महिनाको) :

- सामुदायिक विद्यालयमा पढ्ने छात्राहरूलाई विद्यालय जान प्रेरित गर्न वितरण गरिएको साइकलको संख्या : २५३
- विद्यालय तहमा समावेशी शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि गठन गरिएको स्क्रिनिङ टिमको संख्या : ५८
- आधारभूत प्रारम्भिक कक्षा पढाइ तालिम प्राप्त गरेका विद्यालय शिक्षकको संख्या : ४८

# ज्ञान सुधारको लागि किताबमा पहुँच (KITAB)

**पृष्ठभूमि :** किताब (KITAB) नेपालको सुनसरी जिल्लामा लागू भएको दुइवर्षे परियोजना हो । यस कार्यक्रमले किताबको डिजिटल बजार सिर्जना गरी प्रविधियुक्त बजार समाधानद्वारा उक्त दुई जिल्लामा किताबको बजारमा सुधार ल्याउने लक्ष्य लिएको छ । यस्तो डिजिटल बजारलाई विद्यालय, प्रकाशक र स्थानीय तहका शिक्षा प्रमुखहरूसँग जोडेर अन्ततः विद्यालयमा किताबको गुणस्तर अझ राम्रो बनाउने उद्देश्यका साथ KITAB नामक एउटा अनलाइन प्लेटफर्म निर्माण गरिएको हो । यो परियोजना शिक्षा मन्त्रालयको 'विद्यालयमा न्यूनतम प्राथमिक सक्षमताका शर्तहरु (Prioritized Minimum Enabling Conditions) सँग सम्बन्धित छ ।

सबै सामुदायिक विद्यालयहरूमा बुक कर्नरको व्यवस्था PMEC का पाँच मानक मध्यको एक हो । यो कार्यक्रमले नतिजामा आधारित आर्थिक लगानीको विधि अङ्गीकार गर्छ । यसले किताब आपूर्ति शृंखलामा सुधार ल्याउन सम्बद्ध सरोकारवालाले खेलेको भूमिकाका लागि तिनीहरूलाई प्रोत्साहन गर्दछ ।

**परियोजनाको लक्ष्य :** नेपालमा बुक चेन (Book Chain) का मुद्दाहरूको सम्बोधन गर्दै शिक्षा प्रणालीमा नतिजाका आधारमा गरिने आर्थिक सहयोगले पार्न सक्ने असर देखाउन तथ्य प्रमाणलाई सबल बनाउनु नै परियोजनाको मुख्य लक्ष्य हो ।

**परियोजनाले समेटेका क्षेत्र :** मोरङ र सुनसरी जिल्ला ।

### सन् २०१९ को प्रगति :

- सामुदायिक विद्यालयका ८९८ प्रधानाध्यापकलाई PMEC का बारेमा अभिमुखीकरण ।
- यस परियोजनामा मोरङ र सुनसरी जिल्लाका ९३% सामुदायिक विद्यालय समावेश ।
- मोरङ र सुनसरीका ८३३ सार्वजनिक विद्यालयमा कक्षा १ देखि ३ सम्मका कक्षाकोठामा बुक कर्नरको स्थापना ।
- १००% विद्यालयले प्रकाशकलाई आफुले माग गरेको किताब आपूर्तिपश्चात् चेक वा नगद्मार्फत् भुक्तानी ।

# समुदाय तथा विद्यालय विपद् पूर्वतयारी तथा उत्थानशीलता (CSDPR)

**पृष्ठभूमि :** वर्ल्ड भिजन जापानको वित्तीय सहयोग रहेको यस परियोजनाको लक्ष्य नेपालको ग्रामीण क्षेत्रका विद्यालय, समुदाय तथा स्थानीय सरकारमा समग्र विपद्विरूद्धको उत्थानशीलता अभिवृद्धि गर्नु हो । जापानमा "सन्तुलित र दिगो आर्थिक विकासका लागि सामाजिक पूर्वाधार तथा निकायको निर्माण" नामक सहायता कार्यक्रम (Country Assistance Programme) स्थापनाका लागि यस कार्यक्रमको प्रत्यक्ष योगदान छ ।

नेपालको डोटी जिल्लामा आउने प्राकृतिक विपद्हरु बाढी, पहिरो, भूकम्प र खडेरी हुन् । वर्षा ऋतुको मौसमी अवस्थाले पहाडी भेगमा प्रतिकूल प्रभाव पार्छ । ठूलाठूला पहिरो त यस बखत सामान्य घटना बन्न पुग्छन् । यस्ताखाले विपद्को व्यवस्थापनमा यो परियोजनाका कार्यक्रमहरु केन्द्रित रहेका छन् । यस्तो विपद्को उच्च जोखिममा भएको र विपद् व्यवस्थापनसम्बन्धि अन्य कुनै योजना नभएको यस जिल्लाको एउटा नगरपालिका र दुई वटा गाउँपालिकालाई परियोजना क्षेत्रका रूपमा छनोट गरिएको थियो । संरचनाका हिसाबले पछाडि परेका र विपद् उत्थानशीलता, आपत्कालीन तयारी र निराकरण योजनाको स्तर न्यून भएका विद्यालयहरु पनि यस कार्यक्रमको प्राथमिकतामा परेका छन् ।

**परियोजनाको लक्ष्य :** नेपालमा विपद्को जोखिममा रहेका क्षेत्रका समुदाय र विद्यालयको विपद्जन्य पूर्वतयारी र उत्थानशीलतामा सुधार ल्याउनु ।

**परियोजनाले समेटेका क्षेत्र :** डोटी जिल्लाको दिपायल सिलगढी नगरपालिका, सायल गाउँपालिका र आदर्श गाउँपालिका ।

### सन् २०१९ को प्रगति :

- पूर्वाधार निर्माण र WASH सुविधाको सहयोग पाएका विद्यालयको संख्या : १०
- विपद् जोखिम न्यूनीकरणमैत्री सामग्री प्रयोग गरी पुनर्संरचना गरिएका ब्लकको संख्या : ७४
- निर्माण गरिएका शौचालयको संख्या : २८
- खानेपानी आयोजनाको संख्या : १०

# पैरवी तथा सहकार्य

वर्ल्ड भिजन इन्टरनेशनल नेपालको पैरवी कार्यक्रमले पहिचान गरिएका विषयगत क्षेत्र र स्रोत विकासको रणनीतिक सहकार्यलाई सबल बनाउने लक्ष्य राख्दछ । सामाजिक उत्तरदायित्व र दिगो विकासका लक्ष्य, बालमैत्री स्थानीय प्रशासन तथा नीति तर्जुमाका क्षेत्रमा केन्द्रित हुँदै अनुसन्धान र नवप्रवर्तनलाई प्रवर्द्धन गर्ने पनि यसको लक्ष्य हो ।

नेपालका बालबालिकाको जीवन सुधारका लागि आवश्यक पर्ने स्रोतहरूको समुचित वितरण तथा उपयोगलगायत अन्य विभिन्न प्रणाली एवम् संरचनालाई सबल बनाउन यसका प्रयासहरु सहयोगीसिद्ध हुने अवस्थाको सुनिश्चितता गर्नु पनि यसको लक्ष्य हो ।

आफ्ना लक्ष्य प्राप्तिका लागि यस कार्यक्रमले संघीय, प्रादेशिक तथा स्थानीय सरकार, नागरिक समाज, निजी क्षेत्र, दातृ निकाय, शिक्षण संस्था र धार्मिक संघसंस्थाको सन्जालसँग सहकार्य गर्दछ ।

## नीति निर्माण तथा प्रतिवेदन तयारीमा सहयोग

आ.व. २०१९ मा वर्ल्ड भिजन इन्टरनेशनल नेपालको पैरवी कार्यक्रम स्थानीय तहमा नीति निर्माण गर्ने र स्थानीय नीतिलाई राष्ट्रिय नीतिसँग जोड्ने प्रयासमा केन्द्रित रहेको थियो । यसले NARMIN सँग सहकार्यगरी गाउँपालिकाहरुमा परम्परागत हानिकारक अभ्यास अन्त्य गर्ने सम्बन्धी १० वटा नीतिहरु बनाएका छन् । वर्ल्ड भिजन र साझेदार गैरसरकारी संस्थाहरु मिलेर ती गाउँपालिकालाई बालमैत्री स्थानीय शासन भएको पालिका घोषणा गर्न काम गरेका थिए । बाल विवाह, बाल श्रम र समाजमा व्याप्त हानिकारक अभ्यासको अन्त्यका लागि स्थानीय सरकारसँग पैरवी गर्दै आएको छ । राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा गरिने कार्यक्रममार्फत् राष्ट्रिय शिक्षा नीति, राष्ट्रिय स्वास्थ्य नीति र राष्ट्रिय युवा नीति तर्जुमा कार्यमा वर्ल्ड भिजन इन्टरनेशनल नेपालको सहयोग निरन्तर जारी छ ।

## सामाजिक जवाफदेहिता

विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउन शैक्षिक संरचनाको भूमिकालाई बढाउन वर्ल्ड भिजन इन्टरनेशनल नेपालले नागरिक आवाज र कर्तव्य कार्यक्रम समावेश गरेको छ । कार्य क्षेत्रमा संचालन गरिने अंक पत्ति (Score Card) र अन्तरक्रियात्मक भेलाका माध्यमबाट सेवा प्रदायकलाई जवाफदेहि बनाउन यो कार्यक्रम हाल कार्यान्वयनमा छ । सामूहिक भेलाले विकास गरेका कार्ययोजनालाई कार्यान्वयनमा ल्याउन स्थानीय सरकारलाई सहमत गराउन सक्ने गरी स्थानीय नागरिक आवाज र कर्तव्य समूहको क्षमता अभिबृद्धि गर्न वर्ल्ड भिजन लागि परेको छ । स्थानीय शिक्षा निकायको क्षमता अभिबृद्धि गर्न बनेको कार्ययोजनाको अनुगमन गर्न पनि वर्ल्ड भिजन अग्रसर छ । स्थानीय समुदाय परिचालन गरी गुणस्तरीय शिक्षाका मापदण्ड सुधार गर्ने कार्यमा १४८ वटा नागरिक आवाज र कर्तव्य समूह संलग्न थिए । साना बालबालिकाका लागि सिकाइ वातावरणको गुणस्तर सुधार्न, सिकाइ उपलब्धि बढाउन, विद्यालयको सुरक्षा प्रणाली मजबुत गर्न, स्वास्थ्य र सरसफाइमा सुधार ल्याउन र विद्यालयमा नेपाल सरकारले तोकेका मापदण्डको अधिनमा रही बालमैत्री पढाइ र सिकाइलाई प्रवर्द्धन गर्न नागरिक आवाज र कर्तव्य परियोजना सफल भएको छ । यसले पैरवीका विभिन्न चरण (जस्तै अनुगमन, स्कोर बोर्ड र सामूहिक भेला) लाई प्रवर्द्धन गरेको छ । यसले समुदायलाई विद्यालय शिक्षाको न्यूनतम मापदण्डका बारेमा बुझ्न र त्यस अनुसार सम्बन्धित सरोकारवालासँग पैरवी गर्न मद्दत पुऱ्याएको छ । पटक पटकको बैठकपश्चात् शिक्षाको गुणस्तरका लागि अछाम जिल्लामा विद्यालय भवन निर्माणार्थ मेलेख गाउँपालिकाले रू. १७,००,००० (१६,०९८ अमेरिकी डलर) र पन्चदेवल विनायक नगरपालिकाले रू. २०,००,००० (१८,९३९ अमेरिकी डलर) विनियोजन गरेका छन् ।

# दिगो विकास लक्ष्य

आ.व. २०१९ मा वर्ल्ड भिजन इन्टरनेशनल नेपालका लागि दिगो विकास लक्ष्य एक प्रमुख सहयोगीका रूपमा रह्यो । वर्ल्ड भिजनले आफ्ना सबै बाह्य संलग्नतामा दिगो विकास लक्ष्यलाई निरन्तर प्राथमिकता दिइरहेको छ । दिगो विकास लक्ष्यबारे नागरिक समाजको अनुगमनका लागि वर्ल्ड भिजनले गैरसरकारी संस्था महासंघ नेपालसँग सहकार्य गरेको थियो । सो सहकार्य मार्फत सातै वटा प्रदेशमा नागरिक समाजसम्बद्ध संस्थाका नेतृत्व तथा सरकारी प्रतिनिधिहरु माझ कार्यशालाको आयोजना गरी प्रतिवेदन तयार गरिएको थियो । त्यसैगरी दिगो विकास लक्ष्य ५.३ को सूचक "बाल विवाह" मा केन्द्रित रही प्रदेश नं १, वागमती प्रदेश र सुदूरपश्चिम प्रदेशमा २५० भन्दा बढी बालबालिकासँग छलफल कार्यक्रम सम्पन्न गरियो ।

यसको अलावा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र कारखाना प्रा.लि.को संयुक्त आयोजनामा २०१९ फेब्रुअरी २३ मा सम्पन्न गरेको राष्ट्रिय कार्यक्रम 'भविष्य' को दोश्रो संस्करणमा सहाकार्य गरेको थियो । संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य, रोबोटिक्स र अन्य खोज परिक्षणमा केन्द्रित उक्त कार्यक्रममा सहभागीहरूले 'किसानको साथी' देखि लिएर 'भूकम्प सतर्कता घन्टी' (Earthquake Alert Alarm) जस्ता विभिन्न नमुना प्रदर्शन गरेका थिए भने वर्ल्ड भिजन लगायत युनेस्को र अमेरिकी दुतावासले कार्यक्रमलाई सहयोग गरेको थिए । कार्यक्रमको उद्देश्य ६८ विद्यालयका ८८ समूहहरूमा नवप्रवर्तनको विकास गर्नु थियो । कार्यक्रममा सबै सातै प्रदेशका बालबालिकाले सहभागितात्मक प्रतिनिधित्व गरेका थिए ।

# बालमैत्री स्थानीय शासन :

बालमैत्री स्थानीय शासनलाई थप विस्तार गर्न वर्ल्ड भिजन इन्टरनेशनल नेपालले आफ्ना साझेदार संस्थाहरूसँग मिलेर आफ्नो पहललाई निरन्तरता दिइरहेको छ । यस सन्दर्भमा २०१९ मा लमजुङको क्व्होलासोथार गाउँपालिका वडा नं. १, रामधुनी नगरपालिका वडा नं. ५ र सुनसरीको इटहरी उपमहानगरपालिका वडा नं. १८ गरी ३ वटा वडालाई बालमैत्री स्थानीय शासन वडा घोषणा भएका छन् । ती पालिकामा ४३ वटा वडामा बालमैत्री स्थानीय शासन समिति पनि गठन गरिएका छन् । भने बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन भएका सबै पालिकाहरूमा यसबारे अभिमुखीकरण कार्यक्रम पनि आयोजना गरियो । साथै, बाल अधिकार प्रत्याभूतिको प्रवर्द्धनमा बालमैत्री स्थानीय शासनको कार्यान्वयन पक्षका जानकार स्थानीय सरकार र स्थानीय उत्प्रेरकहरूको संस्थागत प्रयास जाहेर भएको छ । पोषण, बाँच्न पाउने, स्वास्थ्य, स्वच्छता, सफा पिउने पानी, शिक्षा, बालमैत्री विद्यालय, विद्यालयमा शुन्य शारीरिक सजायजस्ता बाल अधिकार र शिक्षक-विद्यार्थी-अभिभावक आचारसंहिता, बाल विवाह र बाल श्रम अन्त्य यसको उपलब्धिका सूचक हुन् । यी अभ्यासले बालबालिकालाई स्थानीय नीति निर्माणमा प्रभाव पार्ने कार्यमा नेतृत्व गर्ने अवसर प्रदान गरेका छन् । त्यसैगरी वर्ल्ड भिजनले बालमैत्री स्थानीय शासनका बारेमा राष्ट्रिय रणनीति संशोधन गर्न नागरिक समाज तथा संघसंस्थाको नेतृत्व पनि गरिरहेको छ । यस बाहेक, वर्ल्ड भिजनले राष्ट्रिय बालमैत्री स्थानीय शासन मञ्च (NCFLG Forum) का माध्यमबाट सरकारका सबै तहमा बालमैत्री स्थानीय शासनका पहललाई देशव्यापी बनाई यसको निरन्तर प्रवर्द्धन गर्दै आइरहेको छ ।

# बाल विवाह अन्त्यको अभियान, २०१९




सिन्धुपाल्चोक जिल्लामा विद्यार्थीहरु सामुदायिक चेतना आभिवृद्धि कार्यक्रमा संलग्न हुदैं ।

आ.व.२०१७ अगष्ट १० मा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले नेपाल सरकारसँगको सहकार्यमा औपचारिक रूपमै नेपाली जुटौं बाल विवाह रोकौं नामक अभियानको थालनी गरे सँगै यस अभियानमार्फत् सरकारी कर्मचारी, राजनीतिक तथा सामाजिक नेतृत्व वर्ग, कुटनीतिज्ञ, नागरिक समाजका प्रतिनिधि, बालबालिका, प्रज्ञिक व्यक्ति, निजी र सहकारी क्षेत्रका व्यक्तित्व लगायतका सरोकारवालासँग बाल विवाह अन्त्य गर्ने विषयमा समन्वय र सहकार्य गर्दै आएको छ । सन् २०२१ सम्म चल्ने यो पाँचवर्षे अभियान सबैखाले बालहिंसाको अन्त्य गर्ने विषयसँग सम्बन्धित दिगो विकास लक्ष्य कार्यान्वयनका लागि स्थानीयदेखि राष्ट्रिय तहसम्म जोखिममा रहेका महिला तथा बालबालिकाको सुरक्षार्थ कानुनी र सामाजिक प्रणालीलाई सबल बनाउने कार्यमा केन्द्रित छ ।

यस्तो सबलीकरणका लागि वर्ल्ड भिजन इन्टरनेशनल नेपालले मुख्य दुई क्षेत्रको पहिचान गरेको छ : प्रणालीगत तथा संस्थागत कमजोरी र हानिकारक परम्परागत सामाजिक तथा धार्मिक अभ्यास । दश गाउँपालिकामा बाल विवाहविरूद्ध लड्न सामुदायिक र कानुनी प्रावधनलाई मजबुत बनाउनेदेखि लिएर यस सम्बन्धी राष्ट्रिय नीति बनाउन समेत २०१९ को पैरवी पहलले ठूलो भूमिका खेलेको छ । यस आ. व. का मुख्य उपलब्धिहरु यस प्रकार छन् :

- वर्ल्ड भिजन इन्टरनेशनल नेपालले सामुदायिक रेडियो प्रसारक संघसँगको समन्वयमा राष्ट्रियस्तरको पत्रकार भेला आयोजना गऱ्यो र 'बीसपछि बिहे' नामक १०० दिने अभियान सफलतापूर्वक सम्पन्न गऱ्यो, जहाँ ६३ जिल्लाका ६३ सामुदायिक रेडियोहरूले विविध तह र तप्काका रेडियो स्रोताहरूबाट बाल विवाह अन्त्य गर्ने पक्षमा १५,७४२ आवाज तथा प्रतिवद्धताहरु रेडियो मार्फत प्रशारण गरिएको थियो । प्रतिवद्धता दिनेहरु मा सांसद, पूर्वप्रधानमन्त्री, युवा, सामाजिक कार्यकर्ता, प्रहरी, बाबुआमा र वयस्क थिए । स्थानीय र प्रदेश सरकारका प्रतिनिधि, समुदायका सदस्य र बालबालिकाको सहभागितामा लमजुङ, सर्लाही र अछाममा कार्यक्रम आयोजना गरी सो को प्रत्यक्ष तथा रेकर्ड प्रसारण पनि गरिएको थियो । डोटी, अछाम र कैलाली जिल्लाका समुदायका करिब २,५०० व्यक्ति, स्थानीय सरकार र सम्बन्धित जिल्लाका सरोकारवालाको सहभागितामा बाल विवाह अन्त्यका बारेमा वडास्तरमा अन्तरक्रिया आयोजना गरियो । ती सबै जिल्लाका स्थानीय सरकारले बालविवाह अन्त्यका लागि प्रतिवद्धता व्यक्त गरेका छन् ।
- 'नेपाली जुटौं बाल विवाह रोकौं' अभियानको संदेशलाई २०१९ फेब्रुअरी २१ देखि २५ सम्म नेपालमा आयोजना भएको अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा पनि प्रवर्द्धन गरिएको थियो । उक्त महोत्सवमा ३८ देशका ६० फिल्म प्रदर्शन गरिएको थियो । पाँच दिनसम्म चलेको उक्त कार्यक्रममा राष्ट्रिय र अन्तर्राष्ट्रिय फिल्म निर्माता, निर्देशक तथा नायकहरूको सहभागिता थियो । बाल विवाह अन्त्यका लागि सिनेमाको भूमिका सम्बन्धमा फिल्म निर्माता र नायकहरूबीच 'सिनेमामा महिला मुद्दा' विषयक छलफल सत्रको उक्त महोत्सबमा गरिएको थियो ।
- 'नेपाली जुटौं बाल विवाह रोकौं' अभियानको प्रवर्द्धन गर्न वर्ल्ड भिजनले धनगढी प्रिमियर लिग सम्पन्न गर्न धनगढी क्रिकेट एकेडेमीसँग सहकार्य गरेको थियो । धनगढी क्रिकेट क्लब नेपालको एक व्यावसायिक २०–२० क्रिकेट लिग हो । सन् २०१९

को फेब्रुअरीमा आयोजित २० दिने उक्त कार्यक्रमको दौरानमा प्रसिद्ध दक्षिण अफ्रिकी फिल्डर जोन्टी रोड्स लगायत क्लबका अन्य संस्थापक, सदस्य र टिम क्याप्टेनहरूले बाल विवाह अन्त्यका लागि आ-आफ्नो प्रतिवद्धता हस्ताक्षर मार्फत व्यक्त गरे । उक्त कार्यक्रमले यस अभियानको सन्देश धनगढी प्रिमियर लिग हेर्न आएका २५,८०० दर्शक र साथै विभिन्न संजाल मार्फत ६०,००० मानिससम्म पुऱ्याउन मद्दत गरेको थियो ।

- बाल विवाह अन्त्यका विषयमा स्थानीय समुदायलाई संवेदनशील बनाउन अर्को अभियान २०१९ फेब्रुअरी महिनामा आयोजित सिन्धुलीको फिक्कल महोत्सवमार्फत् संचालन गरियो । महोत्सव अवधिभर बाल विवाह अन्त्यको प्रतिवद्धताका लागि हस्ताक्षर संकलन गरियो । महोत्सवमा उपस्थित १,०१८ अवलोकनकर्ताले महोत्सव स्थलमै बाल विवाह विरूद्ध आफ्नो प्रतिवद्धता जाहेर गरे । उक्त प्रतिवद्धतामा तत्कालीन सूचना तथा सञ्चार मन्त्री गोकुल बास्कोटा र संघीय संसद् सदस्य गणेश पहाडीले हस्ताक्षर गरी यस अभियानमा आफ्नो ऐक्यवद्धता जाहेर गरे ।
- वर्ल्ड भिजनले सामुदायिक रेडियो प्रसारक संघसँगको सहकार्यमा 'समानता र सुशासन प्रवर्द्धनका लागि सामुदायिक रेडियो' विषयमा राष्ट्रिय सम्मेलन आयोजना गरेको थियो । कर्णाली प्रदेशमा आयोजित तीन दिने उक्त सम्मेलनमा देशभरका २५० सामुदायिक रेडियो पत्रकारहरूको सहभागिता थियो । त्यस अवसरमा 'परम्परागत हानिकारक अभ्यास तथा संस्कृतिका विरूद्ध सामुदायिक रेडियो' विषयक समूह छलफल पनि चलाइएको थियो जसमा रेडियो पत्रकारहरूले बाल विवाह समाजको एक गम्भीर समस्याका रूपमा पहिचान भएको विषयमा मतैक्यता प्रकट गरेका थिए । देशभरका अन्य रेडियोहरूले पनि बाल विवाह अन्त्य गर्ने प्रतिवद्धतालाई प्रमुख प्राथमिकताका साथ प्रसारण गरेका थिए ।
- सन् २०१९ को जनवरी र फेब्रुअरी महिनामा रूपान्तरण क्लबका २४३ सदस्यहरूले मोरङ र कैलाली जिल्लाका नौ वटा स्थानीय सरकार र प्रहरी कार्यालयमा बाल विवाह अन्त्य गर्न अपिल गर्दै ज्ञापनपत्र बुझाए ।
- सन् २०१९ को मार्च महिनामा बाल विवाहबारे विद्यमान नीति र कानुनमा भएको प्रावधानका बारेमा जानकारी दिने उद्देश्यले अवस्था विश्लेषण अन्तरक्रियात्मक गोष्ठी आयोजना गरियो । उक्त गोष्ठीमा युवा तथा बाल क्लबका सदस्य, समुदायमा आधारित संस्था, शिक्षक र स्थानीय सरकारका प्रतिनिधिहरूले पनि बाल विवाह अन्त्यका लागि प्रतिवद्धता जाहेर गरे ।
- बाल विवाहको कारणबारे अनुसन्धान तथा विश्लेषण गरी आवश्यक सुझाव पेश गर्न वर्ल्ड भिजन नेपालले काठमाडौं विश्वविद्यालय स्कूल अफ आर्ट्ससँग समझदारी पत्रमा हस्ताक्षर गऱ्यो ।
- वर्ल्ड भिजनले अन्तरधार्मिक संजाल National Interfaith Religious Network, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र प्लान इन्टरनेसनलसँग सहकार्य गरी २०१८ डिसेम्बरमा 'बाल विवाहलगायत बाल तथा महिला हिंसा अन्त्यका लागि अन्तरआस्थाका अगुवाहरूको भूमिका' विषयक संवाद कार्यक्रम आयोजना गरेको थियो । राष्ट्रिय स्तरको उक्त संवाद कार्यक्रममा नेपालमा बाल विवाह अन्त्यका लागि अन्तरआस्था अगुवाको भूमिकालाई आत्मसात् गर्दै नेपाल सरकारले पहिलो पटक अन्तर्राष्ट्रिय संगठनहरूसँग हातेमालो गरेको हो । यसकै फलो-अपका रूपमा वर्ल्ड भिजनको अन्तर-एजेन्सी समूह, केयर इन्टरनेसल र प्लान इन्टरनेसनलले देशभरका अन्तरआस्था अगुवाहरूलाई समेटी एक दिने गोष्ठी सम्पन्न गऱ्यो जसमा विभिन्न धर्म र आस्थामा व्याप्त परम्परागत हानिकारक अभ्यास उन्मूलन गर्न अन्तरआस्थका अगुवाले खेल्नुपर्ने भूमिकाबारे एउटा कार्ययोजना तयार पारिएको छ ।
- वर्ल्ड भिजनले १० वटा पालिकासँग समन्वय गरी NARMIN सँगको साझेदारीमा १० वटा नीतिहरूको मस्यौदा तयार पारिएका छन् । वर्ल्ड भिजनले आफ्नो कार्यक्षेत्रभित्रका जिल्लाहरूमध्येबाट छनोटमा परेका पालिकामा बाल विवाह अन्त्यका विषयमा नीतिगत तहमा छलफल पनि जारी राखेको छ । यस सम्बन्धी नीति निर्माण गर्दा पालिकामा पर्न सक्ने प्रभावका सन्दर्भमा साझेदार गैर सरकारी संस्थाहरूले कार्य गरिरहेका छन् भने स्थानीय तहमा उक्त विषयलाई बनाइएको छ । वर्ल्ड भिजन नेपालले आफ्ना साझेदार गैर सरकारी संस्थाहरूसँग छलफल र परामर्श गरी बाल विवाह अन्त्यको पक्षमा नीति तर्जुमा गर्न पालिकाहरूसँगै मिलेर काम गरी तिनै पालिकाहरूबाट अनुमोदन पनि भएका छन् । बाल विवाह अन्त्यसम्बन्धी वडा तहमा बनेका यस्तै रणनीतिका आधारमा केही पालिकाहरु "बाल विवाह मुक्त पालिका" घोषित भई सकेका छन् ।

# नेपाल इनोभेसन ल्याब

मानवीय सहायता र विकासका चुनौतीहरूको परिक्षण र मापन गरी समाधानका उपाय प्रस्तुत गर्न वर्ल्ड भिजनद्वारा सन् २०१५ मा नेपाल इनोभसन ल्याब स्थापना गरिएको हो ।

इनोभेसन ल्याबले आफ्ना साझेदार निकायलाई नवीन आवास प्रदान गरी व्यवसाय सुरूवातका लागि स्रोतमा पहुँच पुऱ्याउन, चुनौतीको खाका निर्माण तथा त्यसलाई परीक्षण गर्ने प्रविधि तय गर्न, सामुदायिक सञ्जाल स्थापना गर्न, रणनीतिक तहमा समस्याको समाधान गर्न, मेन्टर र साझेदारसँग जोडिन, सिकाइ अभिलेखीकरण गरी प्रकाशन गर्न र दाता, लगानीकर्ता र सरोकारवालाको पारिस्थितिक प्रणालीसँग जोड्न सहायता गरिरहेको छ । प्रमाणित भइसकेका नवीनतम् विधिहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायमा पुऱ्याउन पहल पनि गर्दै आएको छ ।

आ.व. २०१९ मा यस ल्याबले अमेरिकी सहायता कार्यालयमार्फत् अन्य दुई वटा राष्ट्रिय कार्यालयसँग साझेदार गरेको छ । ती कार्यालयमा पहिलो वर्ल्ड भिजन होन्डुरस पर्छ भने दोस्रोमा वर्ल्ड भिजन मेक्सिको । पहिलोले सामुदायिक चुनौतीविरूद्ध युवामा चरित्र निर्माणको आवश्यकता औँल्याउँदै त्यसका लागि खेलमा आधारित समाधान प्रस्तुत गर्छ भने दोस्रोले अज्ञात कारणबाट उब्जने पुराना मृगौला रोग कार्यक्रमका लागि डिजिटल प्लेटफर्म निर्माणमा जोड दिन्छ ।

यस ल्याबले डिजिटल प्लेटफर्म निर्माण गरी वर्ल्ड भिजन इन्टरनेशनल नेपाललाई विश्व बैंकबाट अनुदान प्राप्त गर्न पनि सहायता गरेको थियो । नतिजामा आधारित आर्थिक सहयोग विधि प्रयोग गरी विद्यालय र प्रकाशक बीचको पुस्तक ढुवानी शृंखलालाई सहजीकरण गर्न यस्तो प्लेटफर्म निर्माण गरिएको हो । विगत दुई वर्षदेखि मोरङ र सुनसरीका ९०० विद्यालयमा यस कार्यक्रमको परिक्षण भइरहेको छ ।

सन् २०१७ मा विकास भई डेनिस चर्च एडद्वारा प्रयोगमा आएको 'सिक्का' (ब्लकचेनमा आधारित डिजिटल उपकरणको एक डिजिटल ट्रान्सफर मञ्च) सप्तरी जिल्लाका ७ वडाका ५६४ घरमा पैसा ट्रान्सफर गर्न प्रयोगमा ल्याइयो । सोही प्लेटफर्म वर्ल्ड भिजनले सर्लाही, सिन्धुली र उदयपुर जिल्लामा पनि बाढीबाट प्रभावितका लागि नगद हस्तान्तरण कार्यक्रमका लागि प्रयोगमा ल्याई ती तीन जिल्लाका १,५०० लाभग्राहीलाई सहायता गरेका छन् ।

परियोजना अनुगमन तथा निरीक्षणका लागि UNOPS र नेपाल इनोभेसन ल्याबले संयुक्त रूपमा तयार पारेको डिजिटल साधन 'फिल्ड साइट' (Field Sight) लाई १८ देशका विभिन्न किसिमका ५२ परियोजनाका ७०,००० भन्दा बढी ठाउँमा प्रयोग गरियो ।

यस ल्याबले केन्द्रीय फिल्ड अफिससँग सहकार्य गरी प्लास्टिकको पुनःप्रशोधनबाट शौचालयका प्यान बनाएकाउ छन् । PET बोत्तल र बालुवाको मिश्रणबाट बनाइएको यस्तो प्यानलाई हाम्रो सहरी क्षेत्र विकास कार्यक्रम कीर्तिपुरका दुई वटा सार्वजनिक शौचालयमा जडान गरिएको थियो ।

ल्याबले नेपालभरका १६ वटा राष्ट्र संघीय निकायमा कार्यरत राष्ट्र संघीय स्वयंसेवक नेपाल (UNV Nepal) का स्वयंसेवक तथा वर्ल्ड भिजन श्रीलंकाका प्राविधिक कार्यक्रमका स्वंसेवकलाई मानव केन्द्रित योजना तर्जुमा विषयमा कार्यशाला गोष्ठी आयोजना गरेको थियो ।

यो ल्याबको अझ बढी सहकार्य र संलग्नता एसिया प्रशान्त क्षेत्रीय कार्यालयसँग रहेको छ । सहकार्यबाट यसले राष्ट्रिय स्रोत विकास (National Resource Development) मञ्चको निर्माण गरेका छन् जसले विभिन्न देशलाई उपलब्ध अवसरहरूको पहिचान गरी प्रभावकारी सहकार्यका लागि सहजीकरण गर्दछ । यो दक्षिण एसियामा सोसियल इनोभेसन च्यालेन्ज (Social Innovation Challenge) लाई सहजीकरण गर्ने र क्षेत्रीय नवप्रवर्तन रणनीति तयार गर्ने कार्यमा पनि संलग्न छ ।



लम्जुङ जिल्ला अवस्थित जनकल्याण स्कूलका विद्यार्थीहरु खाजाको समयमा रमाइलो गर्दै ।

# स्पोन्सरसीप

**बाल स्पोन्सरसीप : वर्ल्ड भिजनको बाल स्पोन्सरसीप** कार्यक्रम आवश्यकता परेका र विशेषतः अति जोखिममा रहेका बालबालिकाको समृद्धिमा सुधार ल्याउन केन्द्रित छ । यस कार्यक्रमले गरिबीको मूल कारणको निराकरण गरी दिगो परिवर्तन हासिल गर्न समुदायसँग सहकार्य गर्दै एकीकृत पद्धति अपनाउँदछ । वर्ल्ड भिजन समग्र समुदायलाई सबल बनाउन प्रतिवद्ध छ जसले गर्दा त्यहाँका सम्पूर्ण बालबालिकाको भविष्य उज्ज्वल हुन सक्छ ।

बालबालिकाको जीवनमा पूर्णता ले बाँच्ने भन्ने मात्र बुझाउँदैन । बालबालिकाहरूले माया पाउनुका साथैर मूल्यवान महसुस गरी शारीरिक, मानसिक र आध्यात्मिक रूपमा बलियो हुन आवश्यक वातावरणको सृजना गर्नु हो । आ.व. २०१९ मा ३१,००० भन्दा धेरै स्पोन्सरहरूले आफुले स्पोन्सर गरेका बालबालिकामार्फत् उनहरूको जीवनमा परिवर्तन गर्न सहयोग गरेका छन् र स्पोन्सर गरिएका प्रत्येक एकजना बालकसँगै अन्य चारजना बालकले वर्ल्ड भिजनको कार्यक्रममा सहभागी भई त्यसबाट लाभ लिएका छन् ।

आ. व. २०१९ को अन्तसम्ममा अछाम, डोटी, कैलाली, जुम्ला, रूपन्देही, लमजुङ, सिन्धुली, उदयपुर, सुनसरी, मोरङ र सर्लाही गरी ११ जिल्लाका ३९,१७० बालबालिका स्पोन्सरका लागि दर्ता भए र १८ वटा क्षेत्रगत कार्यक्रमले उनहरूको स्पोन्सरसीप र व्यवस्थापन कार्यमा सहयोग गरेका छन् ।

स्पोन्सर पाएका बालबालिकाले फोटो, भिडियो र पत्रद्वारा समुद्रपारका आफ्ना स्पोन्सरकर्ताहरूसँग जीवन्त सम्बन्ध कायम राख्छन् । सन् २०१९ मा स्पोन्सरसीप प्राप्त गर्ने बालबालिका र स्पोन्सरकर्ताबीच २८,५८६ शुभकामना कार्ड, २६,८११ वार्षिक शैक्षिक प्रगति विवरण कार्ड र १०,५४० अन्य चिठीपत्रहरु आदानप्रदान भए । यससँगै बालबालिका र समुदायका ३०,००० भन्दा बढी फोटो तथा भिडियो पनि स्पोन्सरकर्तालाई पठाइयो ।

**सामुदायिक स्पोन्सरसीप :** जब कुनै स्पोन्सरले व्यक्तिगत वा सामुहिक रूपमा कुनै समुदायको स्पोन्सर गर्दछ त्यसबाट सम्बन्धित समुदायले आफूले भोगिरहेका विशिष्ट चुनौतीको निराकरण गर्न र सो समाजमा बसोबास गरिरहेका बालबालिकाको समृद्ध भविष्यको रेखा कोर्न मद्दत गर्दछ । यसमा स्पोन्सरकर्ताले कुनै एकजना बालकसँग पत्राचार वा सम्बन्ध बनाइराख्नु पर्दैन । वर्ल्ड भिजन आफैँले समुदायका तर्फबाट त्यहाँ भइरहेको काम र त्यसले पारेको प्रभावका बारेमा स्पोन्सरकर्तालाई सूचना अद्यावधिक गरिरहन्छ । आ.व. २०१९ को अन्त्यसम्ममा स्पोन्सरकर्ताले कैलाली र जुम्ला जिल्लाका क्रमशः चिसापानी र सिंजा समुदायमा यस्तो कार्यक्रममार्फत् त्यहाँ खाद्य उत्पादन, आय र गुणस्तरीय शिक्षामा बालबालिकाको पहुँच बढाउन विभिन्न विकास परियोजना कार्यान्वयनमा ल्याई जीविकोपार्जन तथा शैक्षिक चुनौतीको सामना गर्न सहयोग गरेका छन् ।

# प्रभावको सुन्दर कथा



आफ्नो परिवार सदस्यहरूसँग प्रभा ।

वर्ल्ड भिजनले १५ वर्ष पहिलाबाट स्पोन्सर सुरू गरेकी सुन्दर सानी बालिका अहिले ठूली भइसकेकी छिन् । उनको नाम प्रभा हो । उनी अहिले २२ वर्षकी भइन् । उनी आफ्ना परिवारसँग बस्छिन् । उनको परिवार पनि उनिजस्तै सुन्दर छ । उनको परिवार सुनसरी जिल्लाको एउटा सुन्दर सानो गाउँमा बस्छन् । प्रभा चार पुस्तासहितको आफ्नो परिवारसँग समय बिताउन मन पराउँछिन् ।

रमाइलो गर्न चाहने प्रभालाई खाना पकाउन र घरायसी काममा आमालाई सघाउन मन पर्छ । उनले व्यवसाय अध्ययन विषय लिएर उच्च शिक्षा पढिरहेकी छिन् र लोकसेवा आयोगको परीक्षाका लागि तयारी पनि गरिरहेकी छिन् ।

प्रभाले आफूले जुन विद्यालयबाट माध्यमिक तहको शिक्षा पूरा गरेकी थिइन् विगत पाँच वर्षदेखि त्यही विद्यालयमा पढाइरहेकी छिन् । उनी सानी छँदा उनका बुबा रक्सी खाएर बस्थे । परिवारमा






नृत्य सिक्ने विद्यार्थीसँग प्रभा ।

आफ्ना दुई जना विद्यार्थीलाई कक्षामा लैजाँदै प्रभा ।

कमाउने आमा मात्रै थिइन् । परिवार ठूलो भएकाले कहिलेकाहीँ पेटभरि खान पनि पुग्दैन थियो । अहिले भने अवस्था निकै सुध्रिएको छ । बुबाले रक्सी खान छोडेका छन् । उनले परिवारका लागि मिहेनतपूर्वक काम गर्छन् ।

प्रभाले बाबुआमाले कपडा र किताब कापी किनिदिन नसक्ने भएकाले अरूका लुगा लगाएका र किताब कापी पनि अरूबाट मागेर काम चलाएका ती दिन सम्झिइन् । अनेके दुःख कष्ट झेल्दै बाल्यकाल बितेकोले उनी अरूको जिन्दगी आफ्नोभन्दा राम्रो होस् भन्ने चाहन्छिन् । उनी समुदायका आफूभन्दा साना भाइ-बहिनीहरूले उचित शिक्षादीक्षा पाऊन् र भविष्य उज्ज्वल भएको हेर्न चाहन्छिन् ।

प्रभाले नृत्य र खेलकुदमा पनि राम्रो गर्दै आएकी छिन् । पढाउनुका साथै उनी विद्यालयमा अतिरिक्त क्रियाकलाप प्रमुख पनि हुन् । अतिरिक्त क्रियाकलापअन्तर्गत उनले विद्यार्थीलाई नृत्य सिकाउँछिन् । उनको समुदायमा विकासका कार्यक्रमहरू क्रमश संचालन भइरहेका छन्, तर अझ धेरै गर्नुपर्ने आवश्यकता छ । वर्ल्ड भिजनको पहलमा गठन भएको युवा आर्थिका सशक्तीकरणका लागि ज्ञान तथा सीप क्लब (स्काइ क्लब) सदस्य भएकी हुनाले आफ्नो क्षेत्रमा प्रभावकारी ढङ्गबाट विकास हुन नसक्नुको पछाडि के–के कारण छन् उनलाई राम्रोसँग थाहा छ । प्रभा आगामी दिनमा समुदायको विकासमा मद्दत गर्न चाहन्छिन् ।

हँसिलो स्वभाव र समुदायमा सचेतना तथा विकाससम्बन्धी गतिविधिमा सहभागी हुने भएकाले प्रभालाई समुदायका अधिकांश सबैले चिन्छन् । प्रभा समुदायमा उनीभन्दा साना भाइ-बहिनीको पुस्ताका लागि आदर्श व्यक्ति बनेको उनका शिक्षकले सुनाए ।

प्रभाले बैठकमा सहभागी हुँदा, स्पोन्सरसीपप्राप्त अन्य बालबालिकासँग खेल्दा, भ्रमणमा जाँदा, पढ्दा र स्पोन्सरलाई चिठी लेख्दाको मज्जा अहिले सम्झिन्छिन् । उनले ती दिन आफ्नो जीवनका अविस्मरणीय क्षणका भएको ठान्छिन् ।

निरन्तर १५ वर्ष काम गरेपछि गत सेप्टेम्बरमा प्रभाको जिल्लामा वर्ल्ड भिजनको परियोजना समाप्त भयो, तर स्पोन्सरप्राप्त बच्चा हुँदाको अवधिलाई उनले ठूलो सम्पत्तिका रूपमा ग्रहण गरेकी छिन् ।

# सिकाई र सुझावहरू

| क्षेत्र | सिकेका पाठ | सुझाव |
|---|---|---|
| स्वास्थ्य | ➢ चेतनामूलक क्रियाकलापका तुलनामा व्यवहार परिवर्तन गर्ने संचारका क्रियाकलापहरू कम प्रभावकारी छन् । परिणामस्वरूप स्वास्थ्य र पोषणसम्बन्धी स्थानीय समुदायको व्यवहारमा परिवर्तन ल्याउने परियोजनाको लक्ष्य सोचेको भन्दा धेरै पछाडि छ ।<br>➢ स्वास्थ्यसम्बन्धी कार्यक्रमका उद्देश्य र उपलब्धिका बारेमा भ्रम कम गर्न आवश्यक सूचनाहरूलाई सबै तहका सरकारी निकायसम्म प्रभावकारी ढंगले प्रवाह गर्ने । यसले वर्ल्ड भिजन र सरकारी निकाय दुवैलाई समुदायमा अति जोखिममा रहेका बालबालिकाको स्वास्थ्य अवस्थामा सुधार ल्याउँदै असमानता र गरिबीको कारणको निराकरण गर्न एक अर्काको परिपूरक भई काम गर्न सहज बनाउँछ । | ➢ कार्यक्रम सामान्य सूचना प्रवाहका क्रियाकलापमा मात्र सीमित हुनुको सट्टा व्यवहार परिवर्तन गर्ने सञ्चार पद्धतिमा केन्द्रित हुनुपर्छ । व्यवहार परिवर्तन गर्ने यस्ता क्रियाकलापसँग सम्बन्धित ज्ञान र सीपको अभिवृद्धि गरी स्वास्थ्य आमा समूह सहजकर्ताहरूको क्षमता अभिवृद्धि गर्न विशेष ध्यान दिनुपर्छ । छलफल सत्रका बेला प्रयोगमा ल्याउने दृश्य सामग्री तयार गर्ने काममा साझेदार गैर सरकारी संस्था र फिल्ड कर्मचारीको क्षमता अभिवृद्धिका लागि थप कार्यशालाहरू सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ ।<br>➢ विभिन्न सरोकारवालालाई चुस्तदुरूस्त ढंगले सुसूचित गर्न वर्ल्ड भिजन इन्टरनेशनल नेपालको फिल्ड अफिस र साझेदार गैर सरकारी संस्थाको कार्यक्रम तथा आयोजना कार्यान्वयन टोलीले प्रमाणमा आधारित तथ्यांक प्रस्तुतिमा जोड दिनुपर्छ । यसका अतिरिक्त सरकारी निकायसँगको दिगो साझेदारीका लागि पनि प्रमाणमा आधारित पैरवी महत्वपूर्ण साबित हुन सक्छ । यस्तो विधि समुदायलाई पोषणसम्बन्धी बानी र गर्भवती र स्तनपान गराउने महिलाको व्यवहारबारेका गलत अभ्यासको सम्बोधन गर्न सहायक हुन सक्छ । |
| शिक्षा | ➢ अति जोखिममा रहेका परिवारले दैनिक जीविकोपार्जनमै बढ्ता ध्यान दिनुपर्ने अवस्थाका कारण आफ्ना बालबालिकाको पढाइ सिकाइमा अझैसम्म पनि पर्याप्त समय दिन सकिरहेका छैनन् ।<br>➢ सबै पढाइ शिविरहरू विपद्बाट सुरक्षित स्थानमा छैनन् भने पढाइ क्लबहरूमा पिउने पानी र शौचालयजस्ता आधारभूत सुविधा पनि छैनन् । | ➢ बालबालिकाका बाबुआमा र हेरचाहकर्ताहरूलाई आयआर्जनका अवसर प्रदान गराउन समुदायमा शिक्षाका साथसाथै जीविकोपार्जन कार्यक्रम पनि कार्यान्वनमा ल्याउनुपर्छ ।<br>➢ विद्यालय र पढाइ क्लबको सिकाइ वातावरणमा सुधार सुनिश्चित गर्न त्यहाँ विद्यार्थी र शिक्षक दुवैको सुरक्षार्थ विपद् जोखिम न्यूनीकरणको प्रावधानसहित WASH सुविधाहरू राखिनुपर्छ । |
| संरक्षण | ➢ कार्यक्रमका गतिविधिहरूमा सेवा प्रदायक/पदाधिकारीहरूको संलग्नता भएमा कार्यक्रम अझ प्रभावकारी हुन्छ र यसो गर्नाले समुदायमा कार्यक्रमको विश्वसनीयता बढ्छ ।<br>➢ बाल संरक्षण संयन्त्रको दिगोपनका लागि परिवार र समुदाय तहमा बाबुआमा र समुदायको संलग्नता बढाउनु जरूरी छ । वर्तमानमा बाबुआमा र समुदायलाई संलग्न गराउनमा पर्याप्त पहल भएको देखिँदैन । | ➢ कार्यक्रमहरूमा समुदायको स्वामित्वबोध गराउन स्थानीय सरकार, साझेदार गैर सरकारी संस्था र सेवा प्रदायकबीचको सहकार्यात्मक सम्बन्धलाई प्रोत्साहन गर्नुपर्छ ।<br>➢ संरक्षण कार्यक्रमले बालबालिकासँग सम्बन्धित मुद्दा र समस्यामा आधारित कार्यक्रम जस्तै बाल विवाह, बाल श्रम र बेचबिखन तथा किशोरकिशोरीमा लागुपदार्थको दुर्व्यसनी, आत्महत्या जस्ता सामाजिक मुद्दाहरूलाई अगाडि बढाउनुपर्छ । |

| | | |
|---|---|---|
| कृषि तथा आर्थिक विकास | ➢ स्थानीय मूल्य श्रृंखला विकासले खाद्यान्न र त्यसको लागि रकम उपलब्ध गराई खाद्य सुरक्षा बढाउन सक्छ तर अझै पनि "खाद्य विविधता" र स्थानीय मूल्य श्रृंखला विकास अवधारणाको बुझाइमा कमी छ । खाद्य विविधताले उत्पादित खाद्यान्नको विविधतालाई औंल्याउँछ भने स्थानीय मूल्य श्रृंखलाले वस्तुमाथिको विशेषज्ञतालाई । यसकारण, कृषि तथा आर्थिक विकास बिशेषतः 'घरधुरी पोषण' मोडेलमा उति सफल देखिएन ।<br>➢ टनेल विधिद्वारा बेमौसमी खेतीले उत्पादक किसानलाई धेरै लाभ दिन सक्ने हुँदा यो विधि अन्य क्षेत्रमा पनि उपयोगमा ल्याउन सकिन्छ । | ➢ 'उत्पादक समूह' (अहिलेसम्म पनि दर्ता भएका छैनन्) लाई जिल्ला कृषि कार्यालयमा दर्ता गर्नुपर्छ र त्यससँगको सम्बन्ध र सहकार्यलाई विस्तार गर्नुपर्छ ।<br>➢ बाली बीमा र बोट वीमाको उपादेयताबारे अध्ययन गर्नुपर्छ र त्यसलाई विद्यमान परियोजना मोडेलमा लागू गर्नुपर्छ र बेमौसमी खेतीलाई प्रवर्द्धन गर्नुपर्छ । |
| युवा विकास | ➢ रोजगार, बसाइँसराइ र शिक्षाको खोजीमा युवाहरु एक ठाउँबाट अर्को ठाउँ जाने गरेको अवस्थामा सबै सदस्यहरूलाई एक ठाउँमा रोकिराख्न १८ महिने चक्र आफैँमा एउटा लामो अवधि हो । चार जिल्लाका ८% युवाले बीचैमा छाड्नु भनेको यसको ज्वलन्त उदाहरण हो । | ➢ कार्यक्रममा युवाको सहभागिता बढाउन र बीचैमा छाड्ने दर घटाउन पाठ्यक्रम र कार्यक्रमलाई स्थानीय आवश्यकता अनुरूप बनाई त्यसलाई सबल गर्नुपर्ने आवश्यक देखिन्छ । |

## समग्र सिकाइ

धेरैजस्तो प्राविधिक कार्यक्रमहरु स्थानीय सरकारसँगको समन्वयमा वर्ल्ड भिजन इन्टरनेशनल नेपाल र साझेदार गैर सरकारी संस्थाद्वारा सफलतापूर्वक कार्यान्वयन गरिएका थिए । यो खण्डमा सन् २०१९ उच्च रणनीतिक तहमा सिकाएका पाठहरूलाई संक्षेपमा उल्लेख गरिएको छ ।

१. वर्ल्ड भिजन इन्टरनेशनल नेपालका १२ वटा जिल्लामा लागू गरिएका कार्यक्रमले बालबालिकाको स्वास्थ्य र विशेषगरी दिगो विकास लक्ष्य हासिल गर्ने विषयमा उत्साहपूर्ण उपलब्धि हासिल गरेका छन् । तथापि, ती उपलब्धिलाई केन्द्रीय स्तरमा प्रतिविम्बन गर्न अझै सकिएको छैन । यसो गर्न सकेको खण्डमा ती उपलब्धिहरु राष्ट्रिय नीति तर्जुमासम्बन्धी छलफलका लागि आधार बन्न सक्छन् । त्यसैगरी प्रणालीको सबलीकरणका लागि स्थानीय सरकारको निकट भई काम गर्ने वर्ल्ड भिजनका प्रयासहरूले खास गरी दीर्घकालीन योजना तर्जुमा गरी प्राविधिक सहायता गर्ने विषयले आगामी वर्षहरूमा पनि निरन्तरता पाउनु जरूरी देखिन्छ ।


२. विभिन्न कार्यक्रम र परियोजनाहरूमा तुलनात्मक रूपले सुविधाबाट वञ्चित (अति जोखिममा रहेका पनि भनिन्छ) समूह छनोट गरेर र त्यस्ता बालबालिका र परिवारको पहिचान गरी सुविधाबाट वञ्चित बालबालिका, परिवार र समुदायलाई सम्बोधन गर्न उल्लेख्य प्रयासहरु भए । त्यस्ता कार्यक्रमका लाभग्राहीहरूको छनोटका निम्नलिखित मापदण्डहरु थिए : १. आधारभूत आवश्यकताबाट वञ्चित २. सामाजिक वहिष्करणमा परेका ३. सुविधामा पहुँच न्यून भएका, र ४. विपद्को जोखिममा रहेका । तर, अवसरबाट वञ्चित व्यक्तिसम्म पुग्ने वर्ल्ड भिजन इन्टरनेशनल नेपालको पहल अझै पर्याप्त छैन । त्यसैगरी मूल्य शृंखलामा आधारित आर्थिक विकास (Value Chain Based Economic Development) मा गरिब किसानको सहभागिता अपेक्षा गरेभन्दा अझै कम छ । त्यस कारण आगामी कार्यक्रम योजना तर्जुमा गर्दा त्यस्ता गरिब र जोखिममा रहेका वर्गलाई उपयुक्त हुने कार्यक्रम मोडेल छनोट गर्नुपर्ने देखिन्छ । यसका साथै अब वर्ल्ड भिजन इन्टरनेशनल नेपालले आ. व. २०२१–२०२५ का लागि नयाँ रणनीति तय गर्दा लक्षित समूहमा पार्ने प्रभावमा सुधार एवम् व्यापकता ल्याउन नेपाल सरकारको १५ औँ राष्ट्रिय योजना लगायतका सरकारी प्राथमिकता अनुरूपको योजना तर्जुमा गर्नेतर्फ विचार गर्नुपर्छ ।

# आर्थिक प्रतिवेदन

## कुल खर्च (अमेरिकी डलरमा)

| | |
|---|---|
| आ.व. सन् २०१८ | १०,३५७,९१० |
| आ.व. सन् २०१९ | १३,८४८,०८० |

| | |
|---|---|
| पैरवी तथा अभियान | ९८,११२ |
| कृषी तथा आर्थिक विकास | २,०६२,७६१ |
| मूल्यांकन तथा डिजाइन | २२७,०११ |
| बाल संरक्षण | १,००१,८९४ |
| बाल कल्याणका लागि सामुदायिक संलग्नता | २,२७५,९५४ |
| विपद् न्यूनीकरण तथा आपत्कालिन प्रतिकार्य | २,९९३,६४१ |
| शिक्षा तथा जीवनोपयोगी सीपहरु | २,५३७,१४२ |
| स्वास्थ र पोषण | १,७५६,४०२ |
| साझेदार संस्थाहरुको क्षमता विकास | ७०,००० |
| कार्यक्रम नवप्रवर्धन | १७०,३७० |
| युवा विकास | ६५४,७९३ |
| **कुल खर्च** | **१३,८४८,०८०** |



# हाम्रा कार्य क्षेत्रहरू

## प्रदेश नं. १

### मोरङ जिल्ला

- बुढीगंगा गाउँपालिका
- ग्रामथान गाउँपालिका
- कटाहारी गाउँपालिका
- सुन्दरहरैंचा गाउँपालिका
- विराटनगर उप-महानगरपालिका

### सुनसरी जिल्ला

- गढी गाउँपालिका
- इनरुवा नगरपालिका
- रामधुनी नगरपालिका
- इटहरी उप-महानगरपालिका

### उदयपुर जिल्ला

- रौतामाई गाउँपालिका
- लिमचुङबुङ्ग गाउँपालिका
- तप्ली गाउँपालिका
- उदयपुरगढी गाउँपालिका
- कटारी नगरपालिका
- त्रियुगा नगरपालिका

## प्रदेश नं. २

### सर्लाही जिल्ला

- पर्सा गाउँपालिका
- चन्द्रनगर गाउँपालिका
- ब्रह्मपुरी गाउँपालिका
- हरिपूर्व नगरपालिका

## बागमती प्रदेश

### काठमाण्डौं जिल्ला

- कीर्तिपूर नगरपालिका
- चन्द्रागिरी नगरपालिका
- काठमाण्डौं महानगरपालिका

### सिन्धुली जिल्ला

- गोलान्जोर गाउँपालिका
- फिक्कल गाउँपालिका
- तीनपाटन गाउँपालिका

## गण्डकी प्रदेश

### लमजुङ जिल्ला

- दोर्दी गाउँपालिका
- क्वोलासोथर गाउँपालिका
- बेशीसहर नगरपालिका
- सुन्दरबजार नगरपालिका

## प्रदेश नं. ५

### रुपन्देही जिल्ला

- सियारी गाउँपालिका
- सुधोधन गाउँपालिका
- तिलोतामा नगरपालिका

## कर्णाली प्रदेश

### जुम्ला जिल्ला

- गुठीचौर गाउँपालिका
- पटारसी गाउँपालिका
- तातोपानी गाउँपालिका
- तिला गाउँपालिका
- चन्दननाथ नगरपालिका

## सुदूरपश्चिम प्रदेश

### अछाम जिल्ला

- मेल्लेख गाउँपालिका
- कमलबजार नगरपालिका
- पञ्चदेवल विनायक नगरपालिका
- साँफेबगर नगरपालिका


### डोटी जिल्ला

- आदर्श गाउँपालिका
- पूर्वीचौकी गाउँपालिका
- सयल गाउँपालिका
- दिपायल सिलगढी नगरपालिका

### कैलाली जिल्ला

- कैलारी गाउँपालिका
- भजनी नगरपालिका
- गौरीगंगा नगरपालिका
- घोडाघोडी नगरपालिका
- टिकापुर नगरपालिका

# हाम्रा कार्य क्षेत्रहरु २०२०



हाम्रा साझेदार संस्थाहरु

| | |
|---|---|
| मोरङ | बहुद्देश्यीय विकास व्यवस्थापन सेवा नेपाल<br>नारी विकास संघ<br>राष्ट्रिय सामुदायिक विकास केन्द्र |
| सुनसरी | सम्पुर्णता जिवनको लागि युवा सृजनाहरु<br>ग्रामिण समाज उत्थान केन्द्र<br>अन्तर्राष्ट्रिय पृथ्वी बचाउ संस्था |
| उदयपुर | जाल्पा एकिकृत विकास समाज<br>मानव अधिकार तथा वातावरण विकास केन्द्र<br>नेपाल सामाजिक विकास तथा जनसशक्तिकरण केन्द्र |
| सिन्धुली | सिन्धुलि एकिकृत विकास सेवा<br>रिलिफ नेपाल<br>ग्रामिण महिला चेतना केन्द्र<br>सामुदायीक विकास कार्यक्रम, सिन्धुली नेपाल |
| लमजुङ | ग्रामीण सामुदायीक विकास केन्द्र<br>श्री जनचेतना अभिवृद्धि र विकास अध्यन समिति |
| रुपन्देही | नमुना एकिकृत विकास परिषद (नमुना) |
| जुम्ला | कर्णाली एकिकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र<br>कर्णाली दिगो बिकास प्रतिष्ठान |
| काठमाण्डौं | असल छिमेकी नेपाल<br>नेपाल बाल मजदुर सरोकार केन्द्र<br>बाल विकास समाज |
| कैलाली | बाल कल्याण संघ, टिकापुर<br>दिगो विकास समाज<br>सामुदायिक विकासका लागि सचेत समाज |
| डोटी | सामुदायिक विकास केन्द्द<br>समान पहुँच विकास केन्द्र नेपाल |
| अछाम | पहुँच र सृजनाका लागी सहकार्य नेपाल<br>सामाजिक रुपान्तरण तथा मानविय सहायता संघ (आस्था) नेपाल |
| सर्लाही | राष्ट्रिय रोजगार प्रवर्द्धन केन्द्र<br>बागमती सेवा समाज नेपाल |

## वर्ल्ड भिजन इन्टरनेसनल नेपाल

परिमार्जित राष्ट्रिय रणनीति २०१८-२०१०

**लक्ष्य : सन् २०१६ - २०२०** १० लाख बालबालिकाहरूको दिगो सम्वृद्धिको लागि गरीबी र असमानताका कारकहरूलाई सम्बोधन गर्ने

| | सन् २०१७ मा | सन् २०२० भित्र |
|---|---|---|
| कार्य क्षेत्र | १८ क्षेत्र विकास कार्यक्रमहरू<br>भूकम्प प्रतिकार्य<br>३ जिल्लाहरू | १५ क्षेत्र विकास कार्यक्रमहरू |
| बजेट | राष्ट्रिय कार्यालय क्षेत्र<br>अमेरिकी डलर १३,००,०००<br>भूकम्प प्रतिकार्य :<br>अमेरिकी डलर १,३४,००,००० | अमेरिकी डलर १६,००,००० |
| केन्द्रित क्षेत्रहरू | राष्ट्रिय कार्यालय क्षेत्र<br>• शिक्षा<br>• स्वास्थ्य<br>• संरक्षण<br>• उत्थानशीलता<br>क्रस कटिङ क्षेत्र :<br>लैङ्गिक समानता र सामाजिक समावेशीकरण तथा विपद जोखिम न्यूनीकरण<br><br>भूकम्प प्रतिकार्य क्षेत्र<br>• जीविकोपार्जन<br>• आवास<br>• खानेपानी, सरसफाई तथा स्वच्छता<br>क्रस कटिङ क्षेत्र : बाल संरक्षण, विपद जोखिम न्यूनीकरण तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई यिनै मुख्य क्षेत्रहरूअन्तर्गत समावेश गरिएको छ | • शिक्षा<br>• स्वास्थ्य<br>• संरक्षण<br>• उत्थानशीलता<br>क्रस कटिङ क्षेत्र :<br>लैङ्गिक समानता र सामाजिक समावेशीकरण, विपद जोखिम न्यूनीकरण तथा शान्तिको लागि स्थानीय क्षमता |
| आर्थिक श्रोतको प्रकार | स्पोन्सरसीप् : ६०%<br>नीजि र अनुदान ४०% | स्पोन्सरसीप् : ४०%<br>नीजि र अनुदान ६०% |

### सन् २०२० सम्मको लागि हाम्रो योजना

| सन् २०२० सम्मको लागि हाम्रो योजना | लक्षित परिवर्तनहरू |
|---|---|
| गुणस्तरीय, सुरक्षित र समावेशी आधारभूत शिक्षामा समान पहुँच | **शिक्षा**<br>पढ्न सक्ने बालबालिकाहरूको संख्या २५% ले वृद्धि गर्ने |
| बाल स्वास्थ्यमा सुधार | **स्वास्थ्य**<br>न्यून तौल भएका बालबालिकाहरूको संख्या १०% ले कम गर्ने |
| विपद् र आर्थिक संकटको सामना गर्न समुदायको उत्थानशीलता वृध्दि | **उत्थानशीलता**<br>आफ्ना बालबालिकालाई राम्ररी हेरचाह गर्नसक्ने अभिमावकहरूको संख्या ५०% ले वृद्धि गर्ने<br>स्थानीय विपद् व्यवस्थापन योजना १८५ वार्डहरूले कार्यान्वयन गर्ने<br>रोजगारी, शिक्षा वा प्रशिक्षणमा संलग्न युवाहरूको संख्या ५०% ले वृध्दि गर्ने |
| जोखिममा रहेका समूहहरूको संरक्षण | **संरक्षण**<br>५०% बालबालिकाले हानिकारक प्रचलनहरू(बाल विवाह र लैंगिक हिंसा) को रिपोर्ट गर्ने<br>बाल संरक्षणको मुद्दा सम्बोधन गर्न २४७ वार्डहरूमा सक्रिय स्थानीय समितिहरूस्थापना हुने |



**वर्ल्ड भिजन इन्टरनेशनल नेपाल**
राष्ट्रिय कार्यालय
के.सी. भवन, कुसुन्ती, ललितपुर
पो.ब. २१९६९
फोन : ९७७–०१–५५४८८७७

@wvinpl @wvnepal @wvinepal World Vision International Nepal